# परिच्छेद एक : परिचय

## १.१. अध्ययनको पृष्ठभूमि:

समाजको सामाजिक रुपान्तरण, शिक्षाको माध्यमबाट हुन्छ । समाजले सचेत, सक्षम र सुसूचित नागरिकको परिकल्पना गरेको हुन्छ । यसका अतिरिक्त शिक्षाले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका उत्पादनशील जनशक्ति निर्माण गर्दछ । त्यसैले शिक्षा सामुहिक तथा आर्थिक विकासको आधारशिला हो । तसर्थ आधुनिक समाजले शिक्षालाई भावी पुस्ताको समाजिकीकरण गर्न, नागरिक योग्यताको विकास गर्न मानवीय मूल्यमान्यता र अन्तर्राष्ट्रिय भावनाको कदर गर्न नागरिकको आर्थिक क्षमता अभिवृद्धि गर्न, प्राकृतिक स्रोत सामाजिक परम्परा र संस्कृतिको संरक्षण र संवर्द्धन गर्नका साथै राष्ट्रप्रति प्रेम र श्रमप्रति सम्मान गरी नया" नया" ज्ञान, सीप र प्रविधिको विकास एवम् उपयोग गर्ने बहुआयामिक साधनको रुपमा लिएको पाइन्छ (वर्तौला,२०६५)।

कुनै पनि देशको शिक्षाको शैक्षिक अवस्था त्यस देशले शिक्षामा गरेको लगानीबाट झल्किन्छ । समाजको समग्र विकास पनि शिक्षामा नै अडिएको हुन्छ । नेपालको सन्दर्भमा २००७ सालमा सर्बसाधारणका लागि शिक्षा सर्बसुलभ हुन सकेको थिएन । नागरिकले आफूमा अन्तरनिहित प्रतिभा र क्षमताको वृद्धि गर्ने अवसर प्रायः शुन्य थियो । २००७ सालमा प्रजातन्त्रको स्थापनास"गै शिक्षाको योजनाबद्ध विद्यालय व्यवस्थापनको विकासको थालनी भयो । देशभरि चेतनाको लहर फैलियो र जनताको अग्रसरतामा भटाभट शिक्षण संस्थाहरू खुल्न थाले । शिक्षामा लगानी पनि क्रमशः बढ्दै गयो । गुणस्तरीय र जीवन पद्धतिस"ग मेलखाने शिक्षाका लागि के कस्ता स्रोतहरू आवश्यक पर्दछन् । र ती स्रोतहरू कसरी जुटाउने तथा त्यसको उचित एवम् प्रभावकारी बा"डफा"ड कसरी गर्ने ? आर्थिक व्यवस्थापन तथा शैक्षिक व्यवस्थापन कसरी व्यवस्थित गर्ने ? भनी शैक्षिक लगानीको विविध पक्षहरूको विश्लेषणात्मक छलफल गर्नु आजको आवश्यकता छ । समाजमा विकसित भैरहेको ज्ञान, विज्ञान, प्रविधि,

आविष्कार, सीप सिर्जनालाई आत्मसाथ गरी सोही अनुरुप शिक्षामा गरिएको लगानी र सोको प्रतिफल तथा भविष्यको रुपान्तरित समाजका लागि के कस्ता जनशक्ति कामको संसारमा कसरी खपत हुन्छन् भनी लेखाजोखा गरी समाजमा अपेक्षित परिवर्तनका लागि शैक्षिक व्यवस्थापन गर्नु जरुरी हुन्छ (वर्तौला,२०६५)।

राष्ट्रका लागि सबल सक्षम जनशक्तिको उत्पादन शैक्षिक विकासमा निर्भर रहन्छ। शिक्षाको गुणस्तर, पह“ुच, आर्थिक सक्षमतास“ग जोडिन पुग्दछ। आर्थिक अवस्था सबल भएमा शैक्षिक क्षेत्रको व्यवस्थापन राम्रो गर्न सकिन्छ। गुणस्तरयुक्त शिक्षाका लागि प्रभावकारी शिक्षण, शैक्षिक सामग्रीको व्यवस्था, विद्यार्थी सङ्ख्याका आधारमा विषयगत दक्ष शिक्षक भौतिक सुविधा, अर्थपूर्ण सिकाइ, विद्यार्थीकेन्द्रित शिक्षण सिकाई क्रियाकलाप आदिले प्रभाव पार्दछ। मानिस सामाजिक प्राणी भएकाले समाजमा बस्दा विभिन्न समूह सङ्घ, संस्था तथा सङ्गठनमा आवद्ध हुन्छ। प्रत्येक सङ्घ संस्थाका उद्देश्यहरू पूरा गर्न मानवीय, भौतिक , आर्थिक पक्षहरूको प्रबन्ध गर्ने, तौरतरिकाको छनौट गर्ने, सरल र व्यवस्थित ढङ्गले उद्देश्य प्राप्तिका लागि गरिने प्रबन्ध नै व्यवस्थापन हो। कुशलतापूर्वक साधन र स्रोतको परिचालन गर्ने कार्यलाई व्यवस्थापन भनिन्छ। यसर्थ स+गठनको निर्धारित लक्ष्य र उद्देश्य हासिल गर्नका लागि आवश्यक पर्ने स्रोत र साधन जुटाई व्यवस्थित ढङ्गले सञ्चालन र समन्वय गर्ने प्रक्रिया व्यवस्थापन हो। नेपालमा शैक्षिक व्यवस्थापनको इतिहास गुरुकूल, राजकूल, पीठकूल,ऋषिकूल पद्धlबाट शुरु भएको नेपालको प्राचीन शैक्षिक व्यवस्था लिच्छवीकालमा शिक्षाको क्षेत्रमा व्यापक विस्तार भएको हामी पाउछौं। नेपाली विद्यार्थीहरूलाई वेद व्याकरण, न्याय, दर्शन साहित्य, ज्योतिष आदि विषयमा त्यसबेलामा अध्यापन गराइन्थ्यो। राणाकालीन प्रधानमन्त्री जङ्गबहादुर राणाले वि. स. १९१० आश्विन २७ गते अङ्ग्रेजी शिक्षाको दरबार हाई स्कुल स्थापना पश्चात मात्र औपचारिक शिक्षाको थालनी भएको थियो। देव शमशेरको पालामा १०० भन्दा बढी स्कुल खुलेका थिए। बझाङ्गी राजा जयपृथ्वीबहादुर सिंहले अक्षराङ्ग नामक पुस्तक लेखी औपचारिक पाठ्य पुस्तकको शुरुवात भएको देखिन्छ। चारपासे, छ पासे, नेपाली भाषा प्रकाशिनी समिति, श्रेस्ता

पाठशाला, पासजा"च अड्डा, कन्या स्कुल वि. सं. १९७५ मा त्रिचन्द्र कलेज, १९८७ मा टेक्निकल स्कुल, वि. सं. १९९० मा एस. एल. सी. परीक्षा बोर्ड, वि. सं. १९९६ मा प्रकाशित शिक्षा इस्तिहार, प्राथमिक पाठ्यक्रम जस्ता पक्षहरू राणाकालका शिक्षामा भएका महत्वपूर्ण शैक्षिक व्यवस्थापनका कामहरू हुन् ( कोइराला, २०६४) ।

वि. सं. २००७ सालको राजनैतिक परिवर्तनपछि नेपालको शिक्षा पद्धतिमा परिवर्तन ल्याउन वि. स. २००८ सालबाट थुप्रै समितिहरू, परिषदहरू र आयोगहरू बने । वि. सं २०११ सालमा नेपाल राष्ट्रिय शिक्षा योजना आयोग, २०१८ सालमा सर्बाङगीण राष्ट्रिय शिक्षा समितिहरू बने । यिनै समिति, परिषद र आयोगहरूका सुझावहरूलाई ध्यान दिदै विं सं २०२८ सालमा राष्ट्रिय शिक्षा पद्धतिको योजना लागू भयो । नेपालको शैक्षिक इतिहासमा यसैलाई शैक्षिक व्यवस्थापनको योजनाबद्ध शिक्षा प्रणालीको शुरुवात भनियो । यो योजनाले मध्यावधि र पूर्वावधि मूल्याङ्कन क्रमशः वि. स. २०३३ र २०३७ सालमा गरियो । वि. स. २०४६ सालको जनआन्दोलनपछि प्रजातन्त्रको प्राप्ति भयो र २०४९ सालमा राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०४९ जन समक्ष आयो । यस आयोगले गरेका धेरै कामहरूलाई पछ्याउदै उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०५५ लागू गरियो । त्यसपछि आधारभूत तथा प्राथमिक शिक्षा परियोजनाको लक्ष्य १९९६-२००२ माध्यमिक शिक्षा प्रस्तावित योजना १९९७-२०११ जस्ता कार्यक्रमहरू सञ्चालन भए ।

सबैका लागि शिक्षा अन्तर्गत सन् २०१५ सम्ममा सबै बालबालिकाहरूलाई शिक्षाको उज्यालो दिने उद्देश्यले सञ्चालित कार्यक्रम सबैका लागि शिक्षा राष्ट्रिय कार्ययोजना नेपाल (२००१"२०१५) तयार गरी नेपाल सरकारले यसलाई स्वीकृत समेत प्रदान गरिसकेको छ ( काफ्ले, २०६०) ।

हरेक क्षेत्रमा व्यवस्थापनको स्थान सर्बोपरी छ । घर, क्लव, विद्यालय, व्यावसायिक संस्था, सरकारी कार्यालय, सामाजिक सङ्घ संस्था आदि जुनसुकै सङगठनको उद्देश्य हासिल गर्न र प्रभावकारी परिचालन गर्नको लागि सामुहिक प्रयासको आवश्यकता पर्दछ । यसैगरी शैक्षिक

व्यवस्थापन भनेको शैक्षिक सेवाहरू प्रभावकारी एवम् सफलतापूर्वक सञ्चालन गराउने प्रक्रिया हो । यसभित्र योजना, सङ्गठन निर्देशन नियन्त्रणको प्रभावकारितामा शैक्षिक उद्देश्य प्राप्त गर्ने एक प्रक्रियाको रूपमा शैक्षिक व्यवस्थापन रहेको हुन्छ (कोइराला र साथीहरु २०६४) ।

समाजमा हुने परिवर्तनस“गै मेल खाने सीप, ज्ञान बुद्धिको विकास गर्नुपर्दछ । यो विकास शिक्षाबाट नै हुने हु“दा शिक्षा क्षेत्रमा पनि परिवर्तन हुने नै भयो । शिक्षामा परिवर्तन हुनु भनेको शिक्षा भित्र नया“ नया“ ढ“ाचा र प्रविधिको शुरुवात  थप कार्यक्रमहरूको खोजी तथा कार्यान्वयन हुनु हो । शैक्षिक क्षेत्रमा सुधार हुनु भनेको थप लगानी र लगानीको क्षेत्र छनौटमा परिवर्तन गर्नु पनि हो  अर्थात थप लगानी वा लगानीका क्षेत्रको छनौटमा गरिने परिवर्तनले विद्यालयको लगानीमा प्रभाव पार्दछ । विद्यालय लगानी भनेको एउटा प्रक्रिया अन्तर्गत विद्यालयले आफूलाई चाहिने रकम आफैं उठाउ“छ । चन्दा सङ्कलन गर्ने ट्याक्स लगाउने लेभी उठाउने जस्ता काम पनि विद्यालय आफैले गरेको हुन्छ । यसरी विद्यार्थी शुल्क, अनुदान, कर वा अन्य स्रोतबाट आर्जन गरेको पैसा विद्यालय स्थापना गर्न वा सञ्चालन गर्न खर्च गरिन्छ (आचार्य, खनाल, २०६३) ।

शैक्षिक व्यवस्थापनको कार्यान्वयन तह भनेको विद्यालयको व्यवस्थापन गर्नु हो । जबसम्म विद्यालयको राम्रो व्यवस्थापन गर्न सकिँदैन तबसम्म शिक्षामा गुणस्तर ल्याउन सकिँदैन । विद्यालयको उद्देश्य आफ्ना बालबालिकाहरूको सिकाइ उपलब्धि उच्च बनाउनु हो उक्त उद्देश्य पूरा गराउनको लागि विद्यालयमा विभिन्न कार्यहरू गराउन पर्दछ । उक्त कार्य गराउन जनशक्ति स्रोत आदिको उपलब्धता र त्यसको समुचित परिचालनमा विशेष ध्यान पुर्‍याउनु पर्दछ । विद्यालय व्यवस्थापन भन्नाले विद्यालयका उद्देश्यहरू हासिल गर्न आवश्यक पर्ने स्रोत र साधनहरूको संकलन परिचालन एवम् सञ्चालन गर्ने तरिकाहरूलाई बुझाउ“दछ ।

विद्यालयका कार्यहरू व्यवस्थित तरिकाले सम्पादन गर्न सकिएमा विद्यालयले तय गरेका उद्देश्यहरू सहज एवम् सरल ढंगबाट हासिल गर्न सकिन्छ । काम व्यवस्थित तरिकाले गर्नु

भनेको विद्यमान जनशक्तिको समुचित प्रयोग गर्नु, स्रोत खोजी गर्नु एवम् समुचित परिचालन गर्नु हो । समग्रमा भन्नु पर्दा निश्चित उद्देश्य हासिल गर्न विद्यालयस"ग सम्बन्ध पक्षहरूलाई एक आपसमा मिलाएर सुव्यवस्थित तरिकाबाट कार्य गर्नुलाई विद्यालयको व्यवस्थापन भनिन्छ ।

विद्यालय व्यवस्थापनमा मानव स्रोतको महत्वपूर्ण भूमिका रहन्छ । मानवीय स्रोत त्यस्तो स्रोत हो जसले समग्र कार्यलाई प्रभावित पार्दछ । तसर्थ सामान्य बोलीचालीको भाषामा विद्यालय व्यवस्थापन मानवीय स्रोतको समुचित व्यवस्थाबाट जटिलभन्दा जटिल काम पनि सरल तरिकाले कार्य सम्पादन गर्ने प्रक्रिया हो ( शिक्षा मन्त्रालय, २०६५) ।

यी माथिका कुराहरूबाट के कुरा प्रष्ट हुन्छ भने विद्यालय व्यवस्थापनमा निम्न कुराहरू समावेश हुन आवश्यक देखिन्छ । विद्यालय व्यवस्थापन भित्र विद्यार्थीको नतिजा सिकाइ उपलब्धि शिक्षक तालिम, विषयगत उपलब्धि, शैक्षिक सामग्री, तालिम प्राप्त शिक्षक र पठन पाठन लगायतका कुराहरू समावेश भएको देखिन्छ । यसभित्र विद्यालयको भवन, कक्षाकोठा, फर्निचर, शौचालय, घेराबारा, कम्प्युटर, पुस्तकालय, फूलवारी, वृक्षारोपण, करेसाबारी आदि कुराहरू पर्दछन् ।

विद्यालयमा प्राप्त आर्थिक रकमलाई समावेश गरिएको देखिन्छ । सरकारीतर्फबाट प्राप्त अनुदान वा जि. वि. स. , गा. वि. स., नगरपालिका, संघ संस्था, सामाजिक व्यत्तित्वबाट प्राप्त हुने चन्दा आदि पर्दछन् । त्यसैगरी आन्तरिकतर्फ विद्यालयको भवन, भाडा, जग्गा, शुल्क, विभिन्न प्रमाण पत्र वापत प्राप्त हुने शुल्कहरू यसभित्र पर्दछन् । मानवीय व्यवस्थापनभित्र शिक्षक, विद्यार्थी, वि. व्या. स., शि. अ. सङ्घ, भर्ना, सेवा क्षेत्र भित्रको जनसङ्ख्या तिनको सहभागिता, विद्यार्थी, शिक्षक नियमितता जस्ता कुराहरू यसभित्र रहन्छन् ।

विद्यालयमा शैक्षिक व्यवस्थापनका लागि सामाजिक परीक्षण गरिन्छ । सामाजिक परीक्षणको ऐतिहासिक पृष्ठभूमिलाई हेर्न नेपालको लेखा परीक्षणको विकासक्रममा जानु पर्दछ । नेपालमा लेखा परीक्षणको इतिहासलाई हेर्दा लेखा परीक्षणको कार्य धेरै पहिलेदेखि हु"दै आएको पाइन्छ । तापनि प्रमाणिक रुपमा लेखा परीक्षणको शुरुवात वि. सं १८२८ वैशाख ६ गते

कुमारीचोक अड्डाको स्थापनापछि भएको हो । त्यसबेला पृथ्वीनारायण शाहले राज्यको आयव्ययको हिसाब केन्द्रीय रुपमा जाच्ने पद्धतिवाट लेखा परीक्षण शुरुवात गरेको पाइन्छ । वि. सं १९०३ सालमा ज॰बहादुर राणाले कुमारी चौक अड्डामा मुख्तियारी राखी आम्दानी खर्चको हिसाब फरफारक गर्ने व्यवस्था चलाएका थिए । वि. सं १९७३ सालमा चन्द्रशम्शेरले बही बुझ्ने र बुझाउने जस्ता कार्यहरू गर्न गराउन दरबन्दी, सनद, सबाल बही बुझ्ने ऐनको व्यवस्था गरी लेखा परीक्षण गरी फरफारक लिने व्यवस्था गरेका थिए । वि. सं. २००७ सालको राजनैतिक परिवर्तनपछि वि. सं. २००८ सालमा बजेट व्यवस्था लागू भयो त्यसबेलादेखि लेखालाई व्यवस्थित गर्न सरकारले महालेखापाल ( एकाउन्ट जनरल) कार्यालय स्थापना गरी लेखा परीक्षणको कामलाई व्यवस्थित गऱ्यो । वि. स. २०१६ सालमा महालेखा परीक्षकको नियुक्ति गरियो । वि. स. २०१८ सालमा लेखा परीक्षण ऐन लागु गरियो । यसमा महालेखा परीक्षकको काम कर्तव्य तोकिएको थियो । सोही वर्ष विनियोजनतर्फ नया“ श्रेस्ता प्रणाली लागु भयो वि. स. २०२८ सालमा श्रावण १ गतेदेखि कुमारी चौक अड्डालाई कुमारी चौक गोश्वारा तहशीलमा परिणत गरियो । वि. सं. २०२९ सालमा म. ले. प. फारम प्रचलनमा ल्याइयो । वि. स. २०३२ सालमा नेपालमा कार्यमूलक लेखा परीक्षण थालनी भयो । २०४६ को जनआन्दोलनपछि वि. सं. २०४७ सालमा लेखा परीक्षण ऐन, २०४८ लागू भएपछि लेखा परीक्षण क्षेत्रमा आमूल परिर्वतन आयो । कम्पनी ऐन, २०४८ लागू भएपछि सबै कम्पनीहरूले अनिवार्य लेखा परीक्षण गर्नैपर्ने व्यवस्था भयो (श्रेष्ठ,२०६२) ।

यसरी लेखापरीक्षणको व्यवस्था भएपछि विभिन्न सङ्घ संस्था तथा सरकारी तथा निजी विद्यालयहरूमा समेत लेखा परीक्षकको व्यवस्था गर्न थालियो । वि. स. २०६५ सालदेखि सबै सामुदायिक विद्यालयहरूमा विद्यालयहरूको सामाजिक परीक्षण(Social Audit ) गर्ने सम्बन्धी निर्देशिका (२०६५) जारी गरी सोही बमोजिम विद्यालयहरूमा आर्थिक, भौतिक, शैक्षिक तथा मानवीय पक्षहरूमा कामगर्ने गरेको पाइन्छ । सो निर्देशिका बमोजिम शिक्षक अभिभावक सङ्घका अध्यक्षको अध्यक्षतामा ९ सदस्य सामाजिक परीक्षण समिति गठन गरी प्रत्येक वर्षको

भाद्र मसान्तभित्रमा गत आर्थिक वर्षको सामाजिक परीक्षण कार्य सम्पन्न गरी तयार पारिएको प्रतिवेदन सरोकारवालाहरूको भेला गराई छलफलका लागि प्रस्तुत गर्ने व्यवस्था गरिएको छ ( सामाजिक परीक्षण निर्देशिका, २०६५) ।

माथि उल्लेखित कुराहरूबाट शैक्षिक व्यवस्थापन गर्नु आजको आवश्यकता हो । शैक्षिक व्यवस्थापनको कार्यान्वयन तह भनेको विद्यालय हो । समुदायिक विद्यालयभित्र सेवा क्षेत्रका जनसङ्ख्या र तिनका बालबालिकाहरू अध्ययन गर्ने थलो भएको हुँदा

सो ठा"उमा सबैको जनचासो हुने गर्दछ । खासगरी वि. सं. २०६५ सालभन्दा पूर्व यसलाई सामाजिक लेखा परीक्षण भन्ने गरिन्थ्यो भने हाल २०६५ साल पश्चात सामाजिक परीक्षणका नाम दिइएको छ । सबै कारोबारवालाहरूले आर्थिक, भौतिक, मानवीय तथा शैक्षिक पक्षलाई नजिकबाट निहालीरहेको पाइन्छ । वि. स. २०६५सालदेखि राज्यले सामाजिक परीक्षण वापत एकमुष्ट रकम रु १,०००।०० पनि विद्यालयलाई उपलब्ध गराउदै आएको छ ।

## १.२. समस्याको कथनः

गुणस्तर शिक्षाका प्रमुख तत्वहरूभित्र पाठ्यक्रमको स्तर, मूल्याङ्कन विधिको प्रभावकारिता शिक्षकको स्तर उपर्युक्त शैक्षिक वातावरण हुनुपर्दछ । यी कुराहरूलाई तालमेल मिलाउनु भनेको शैक्षिक व्यवस्थापन भनिन्छ । शैक्षिक व्यवस्थापनको कार्यन्वयन तह भनेको विद्यालय व्यवस्थापन हो । विद्यालयलाई आर्थिक, भौतिक, शैक्षिक तथा मानवीय रुपमा व्यवस्थित गर्न विद्यालयमा एउटा विद्यालय व्यवस्थापन समितिको गठन गर्ने व्यवस्था शिक्षा नियमावलीले गरेको पाइन्छ । त्यसैगरी विद्यालयमा एउटा शिक्षक अभिभावक सङ्घको पनि गठन गरिएको हुन्छ । त्यसले विद्यालयमा हुने आम्दानी खर्चको विवरण लगायत शैक्षिक मानवीय तथा भौतिक व्यवस्थापनमा के कस्ता कमी कमजोरीहरू छन त्यसले औल्याउने गर्दछ ।

विद्यालयलाई राम्रोस“ग सञ्चालन गर्न भौतिक पूर्वाधार, जनशक्तिको आवश्यकता पर्दछ । विद्यालयहरुमा यस्ता आधारभूत सुविधाहरुको वृद्धि र पारदर्शिताले शैक्षिक गुणस्तर अभिवृद्धिमा महत्वपूर्ण भूमिका खेलेको हुन्छ । समुदाय र विद्यालयको सम्बन्ध दरिलो र सुदृढ पार्न स्थानीय अभिभावकहरुको सहभागिता आवश्यक हुन्छ । विद्यालयमा हुने एउटा समस्या प्रधानाध्यापकबाट आर्थिक पारदर्शितालाई अभिभावक समक्ष प्रस्तुत गर्न नसक्नु नै हो । विद्यालयमा विभिन्न स्रोतहरु, प्राप्त आम्दानी र खर्चको वैज्ञानिक तथा  व्यवस्थित हिसाब किताब नराख्ने तथा समयमा लेखा परीक्षण नगराउने जस्ता कारणले गर्दा विद्यालयका अभिभावक तथा सरोकारवाला व्यक्तिहरु विद्यालयबाट टाढिने गरेका छन् । उनीहरुले आफ्ना बालबालिकाहरुलाई समेत संस्थागत विद्यालयमा पठाउने गरेका छन् ।

विद्यालय समुदायका लागि समुदाय विद्यालयका लागि भने झैं सामुदायिक विद्यालयमा भएका गतिविधिहरूलाई समाजले नजिकबाट निहाली रहेको हुन्छ । आर्थिक वर्षको समाप्तीपछि गत वर्षको आय व्यय के कति भयो भौतिक व्यवस्थापन कस्तो रह्यो भन्ने विषयमा समाजमा जनचासो रहने गर्दछ । त्यसलाई लेखाजोखा गर्नु नै सामाजिक परीक्षणभित्र समावेश गर्न सकिन्छ । कुनै सङ्गठन वा कार्यक्रमले प्राप्त गरेको साधन र स्रोत त्यसको उद्देश्य प्राप्त  गर्न तथा निश्चित उपलब्धि हासिल गर्न सकेको छ  छैन र सो सम्बन्धी सम्पूर्ण उत्तरदायित्व उचित रुपबाट गरेको छ छैन भन्ने कुराहरूको विस्तृत छलफल तथा अन्तरक्रिया गरिनुपर्दछ । सो कार्य सञ्चालनमा के कस्ता समस्या तथा कमजोरीहरू छन् र तिनीहरूको समाधान कसरी गर्न सकिन्छ  भन्ने विषयमा लाभान्वित समूह र सरोकार बालाबीच छलफल तथा अन्तरक्रिया गरी सुधारको लागि व्यवहारिक सुझाव सहित सहभागिता प्राप्त गर्नुपर्दछ ।

सामाजिक परीक्षणले विद्यालय व्यवस्थापनमा कस्तो प्रभाव पारेको छ भनी अनुसन्धान गर्न मैले आवश्यक ठानेकोले विद्यालयको सामाजिक परीक्षणको अवस्था पहिचान गरी विद्यालयमा सामाजिक परीक्षणमा देखिएका समस्याहरू पत्ता लगाउन र ती समस्याहरूको

उपायहरूको पत्ता लगाई तीनको समाधान गर्ने तरिकाको बारेमा सरोकारवालाहरू सबैलाई जानकारी दिन आवश्यक भएकाले यो अध्ययन गरिएको छ ।

## १.३. अध्ययनको औचित्यः

गुणस्तरीय शिक्षा आजको समयको माग हो । गुणस्तरीय शिक्षा प्रदान गर्नु विद्यालयको एकमात्र काम हो । यसका लागि शिक्षण विधि र सीपमा तालिम प्राप्त र सिर्जनशील शिक्षकको जरुरत पर्दछ । शिक्षकलाई पेशागत सीप सल्लाह र सुझाव दिन विद्यालयको भौतिक अवस्थालाई सुधार गरी शैक्षिक वातावरण राम्रो बनाउन आवश्यक हुन्छ ।

सामाजिक परीक्षणले विद्यालयको भौतिक, मानवीय, शैक्षिक र आर्थिक अवस्था कस्तो छ ? भन्ने कुराको सम्बन्धित सरोकारवाला पक्षलाई जानकारी दिन्छ । विद्यालयमा सक्षम, क्षमतावान, सिर्जनशील, जागरुक, कर्मठ व्यक्ति उत्पादन गरिन्छ । सो संस्थामा कुन कुन स्रोtaाट के कति आम्दानी र खर्च भयो ? अथवा शैक्षिक उपलब्धि, भर्नादर, उत्तीर्णदर, कक्षा छाड्नेको दर आदिको बारेमा अभिभावक शिक्षक, विद्यालय व्यवस्थापन समिति लगायत सरोकारवाला संघ संस्थालाई सामाजिक परीक्षणले जानकारी गराउँदछ । विद्यालयमा हुने सबैखाले कमी कमजोरीलाई हटाई विद्यालय शुसञ्चालनमा घच्घच्याउने कार्य समेत सामाजिक परीक्षणले गर्दछ । विद्यालयमा सामाजिक परीक्षण राम्रो नभएका कारण अभिभावकहरुको गुनासो बढ्दै गएको छ । विद्यालयमा सिकाई उपलब्धि दरमा कमी कक्षा छाड्ने दरमा वृद्धि हुनु राम्रो पक्ष होइन । विद्यालयको आर्थिक, शैक्षिक, भौतिक तथा मानवीय अभिलेखहरु अहिले पनि व्यवस्थित हुन सकेको अवस्था छैन । विद्यालयप्रति अभिभावकको रुचि दिन प्रतिदिन टाढिरहेको छ । यी विद्यमान अवस्थाहरु भएकोले यस समस्यालाई अध्ययनको विषय वस्तु बनाइएको छ ।

सामाजिक परीक्षण विद्यालय व्यवस्थापनभित्र के कस्ता  गतिविधिहरू हुने गर्दछन् ती कुराहरूको लेखाजोखा तथा मूल्याङ्कन गर्ने एउटा कसी हो । सामाजिक परीक्षणले विद्यालय

व्यवस्थापनमा कस्तो प्रभाव पारेको छ ? त्यसका विभिन्न पक्षहरूमा सूचना/तथ्याङ्कहरू संकलन गर्नु, प्राप्त सूचनाका आधारमा विद्यालय व्यवस्थापनमा त्यसको वर्तमान अवस्था कस्तो रहेको छ ? सो कुरा पत्ता लगाउनु पर्दछ । प्राप्त तथ्याङ्क र सूचनाका आधारमा के के सुधारहरू गर्न सकिन्छ  त्यसका उपायहरू अवलम्बन गर्नेतर्फ सम्बन्धित निकायहरूलाई आवश्यक सुझाव दिनु यस अध्ययनको मुख्य औचित्य हो ।

## १.४. अध्ययनको उद्देश्य:

यस अध्ययनका उद्देश्यहरू निम्नानुसार छन् :

क. विद्यालयमा सामाजिक परीक्षणको अवस्था लेखाजोखा गर्ने ।

ख. विद्यालय व्यवस्थापनमा सामाजिक परीक्षणको प्रभावको विश्लेषण गर्ने ।

ग. सामाजिक परीक्षणमा देखिएका समस्याहरू पहिचान गर्ने ।

घ. सामाजिक परीक्षणलाई प्रभावकारी बनाउने उपायहरु सुझाउने ।

## १.५. अनुसन्धानात्मक प्रश्नहरू:

माथिका उद्देश्यहरू पूरा गर्नका लागि निम्न लिखित अनुसन्धात्मक प्रश्नहरूको उत्तर खोज्ने प्रयास गरिएको छ :

क. विद्यालयहरुमा सामाजिक परीक्षणको वर्तमान अवस्था कस्तो छ ?

ख. विद्यालय व्यवस्थापनका लागि सामाजिक परीक्षणलाई प्रभावकारी बनाउन के गर्नुपर्दछ ?

ग. सामाजिक परीक्षण सम्बन्धमा सरोकारवालाहरुको दृष्टिकोण कस्तो छ ?

घ. सामाजिक परीक्षणले विद्यालय व्यवस्थापनमा के कस्तो सुधार ल्याएको छ ?

ङ विद्यालयहरुमा के कसरी समाजिक परीक्षण हुने गरेका छन ?

च समाजिक परीक्षणले विद्यालय व्यवस्थापनमा के कस्तो प्रभाव पारेको छ ?

छ सामाजिक परीक्षणमा कस्ता समस्याहरू देखिएका छन् ?

ज. सामाजिक परीक्षणमा देखिएका समस्याहरू समाधानका उपायहरूके के हुन सक्दछन् ?

## १.६. अध्ययनको परिसीमा

यस अध्ययनलाई मोरङ जिल्लाको बाहुनी स्रोत केन्द्र अन्तर्गत केरौन, बाहुनी, होक्लाबारी र डा"गीहाट गा. वि. स. का प्रा. वि., नि. मा. वि., मा. वि., र उ. मा. वि. तहका सामूदायिक विद्यालयमा सीमित गरिएको छ। यस अध्ययनमा बाहुनी स्रोतकेन्द्र भित्र सञ्चालित सामुदायिक विद्यालयहरु मध्ये ४ वटा विद्यालयलाई सम्भाव्यतामा आधारित नमूना छनौट विधि अन्तर्गत छनौट गरी सामाजिक परीक्षणको प्रभावकारिता हेरिएको छ। स्रोत केन्द्र अन्तर्गत विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरु, प्र. अ., शिक्षक र अभिभावकहरुमा अध्ययनलाई सीमित गरिएको छ। स्रोत साधनलाई समेत सीमित गएिको छ।

## १.७. शब्दावलीहरुको परिभाषा:

क. समुदायिक विद्यालय: सरकारी अनुदान प्राप्त गर्ने विद्यालयहरु।

ख. समाजिक परीक्षण: विद्यालयको आर्थिक, मानवीय शैक्षिक र भौतिक पक्षको गुणात्मक परीक्षण।

ग. शिक्षक: सामुदायिक विद्यालयमा काम गर्ने व्यक्ति।

घ. विद्यार्थी: विद्यालयमा अध्ययनरत बालबालिका।

ङ. लेखा परीक्षण: कुनै पनि संघ संस्थाको आर्थिक कारोवारमा व्यवस्थित गरेको छ की छैन भनी रुजू तथा परीक्षण गर्ने काम।

च. विकेन्द्रीकरण: केन्द्रमा भएको शक्ति स्थानीय तहसम्म पुऱ्याउने काम।

छ. क्रसर: ढुङ्गा उद्योग।

# परिच्छेद दुई : सम्बन्धित साहित्यको पुनरावलोकन र अध्ययनको सैद्धान्तिक खाका

त्रिभुवन विश्व विद्यालयअन्तर्गत शैक्षिक योजना तथा व्यवस्थापन विभाग, स्नातकोत्तर तह द्वितीय वर्षको आंशिक आवश्यकता पूरा गर्ने प्रयोजनाका लागि तयार गरिएको शोधपत्र र विद्यालय व्यवस्थापनमा सामाजिक परीक्षणको प्रभावस“ग सम्बन्धित साहित्यको पुनरावलोकन गरिएको छ ।

## २.१. सम्बन्धित साहित्यको पुनरावलोकनः

विद्यालय क्षेत्र सुधार योजना (२०६६) का अनुसार सबैका लागि शिक्षा, माध्यमिक शिक्षा सहयोग कार्यक्रम र शिक्षक शिक्षण आयोजना जस्ता कार्यक्रमहरूबाट सिकिएका पाठहरूले विद्यालय क्षेत्र सुधार योजनाका लागि वित्तीय व्यवस्था गर्ने आधार प्रदान गरेको छ । विद्यालय तहमा आवश्यकताका आधारमा स्रोतको विनियोजन गरी सहभागिता तथा स्वामित्वमा वृद्धि गर्न विद्यालय सुधार योजनामा आधारित आर्थिक व्यवस्थापन गर्न महत्वपूर्ण अनुभव प्रदान गरेको छ । कार्य सम्पादनमा आधारित वित्तीय व्यवस्थापन अर्को प्रमुख कार्यक्रम हो, जसले विद्यालयको सक्षमता बढाउन सकारात्मक वातावरणको सिर्जना गरेको छ । विद्यालयमा गरिने सामाजिक परीक्षणले आर्थिक व्यवस्थापनमा उत्तरदायित्व र पारदर्शिता अभिवृद्धि गर्न योगदान दिएको छ ( शिक्षा मन्त्रालय, २०६६) ।

कुनै सङ्गठनको एउटा निश्चित अवधिभित्र गरेका आर्थिक कारोबारहरूको प्रचलित लेखा प्रणालीअनुसार खर्च गरेको छ छैन भनी गरिने व्यवस्थित परीक्षण नै सामान्य लेखापरीक्षण हो । यसरी आर्थिक कारोबारहरूको तथा त्यसबाट देखिने कमीकमजोरीहरू तथा त्यसबाट परेका असरहरूको बारेमा जानकारी गराउदै ती कमी कमजोरीहरू हटाउनका लागि व्यवस्थापनलाई

सुझाव समेत दिनु लेखापरीक्षणको उद्देश्य हो । विद्यालयमा गरिने सामाजिक परीक्षणभित्र आर्थिक कारोबार, भौतिक कार्यको लेखाजोखा, शैक्षिक कार्य प्रगति र खर्च जस्ता कुराहरू पर्दछन् ।

विद्यालयमा लेखा व्यवस्था (२०६४) का अनुसार कुनै सङ्गठन वा कार्यक्रमले प्राप्त गरेको साधन वा स्रोत त्यसको उद्देश्य प्राप्त गर्न तथा निश्चित उपलब्धि हासिल गर्न सकेको छ छैन र सो सम्बन्धी सम्पूर्ण उत्तरदायित्व उचित रुपबाट गरेको छ छैन भन्ने कुराहरूको विस्तृत छलफल तथा अन्तरक्रिया गरिनुपर्दछ । साथै यो कार्य सञ्चालनमा के कस्तो समस्या तथा कमजोरीहरू छन् र तिनीहरूको समाधान कसरी गर्न सकिन्छ भन्ने विषयमा लाभान्वित समूह र सरोकारवालाबीच छलफल तथा अन्तरक्रिया गरी सुधारको लागि व्यावहारिक सुझावसहित सहभागिता प्राप्त गर्न सामाजिक लेखापरीक्षणको उद्देश्य हो ( शिक्षा मन्त्रालय, २०६४) ।

कटुवाल र थापा (२०६६) ले तयार पार्नु भएअनुसार सामाजिक परीक्षण कुनै सङ्गठनले समाजप्रतिको योगदान वा कार्य सम्पादनको विस्तृत व्यवस्थित एवम् आवधिक परीक्षण हो जसबाट सामाजिक प्रभावको मूल्याङ्कन तथा प्रतिवेदन गर्ने गरिन्छ । यसले आर्थिक तथा सामाजिक विकासमा कार्यरत सङ्घ संस्था तथा निकायको जावफदेहितालाई बढाई त्यस्ता निकायको कामकारवाहीमा प्रभावकारिता र गुणस्तरीयता कायम गराउ"दछ । सामाजिक लेखापरीक्षण संस्थागत गतिविधिमा केन्द्रित हुन्छ । विकास प्रयासमा संलग्न कुनै पनि संस्थाले गरेका कार्यक्रमको सार्वजनिकीकरण सार्वजनिक लेखापरीक्षण हो । यसमा सम्बन्धित पक्षका सबै तह र सरोकारवालाको प्रत्यक्ष संलग्नतामा कार्यक्रमका प्रक्रिया, पद्धति प्रगति र सीमा बारेमा लक्षित वर्ग र सर्व साधारणमा पारदर्शी गराई अधिकारवालाहरूमा अपनत्वको भावना जगाउने कार्य गरिन्छ ।

विद्यालय अनुदान तथा कार्यक्रम निर्देशिका (२०६४) का अनुसार सामान्यतय विद्यालयले आफ्ना गतिविधिहरूको बारेमा सारोकारवाला समक्ष जानकारी गराउन नै सामाजिक परीक्षण गर्ने सम्बन्धी कार्यविधि वा अन्य प्रचलित कानुन वा नियमले तोकेबमोजिम विद्यालयका

अभिलेखहरु सरकारी तथा अन्य दस्तावेजहरुका आधारमा गरिने विद्यालयको सम्पूर्ण आर्थिक, भौतिक, शैक्षिक, मानवीय, व्यवस्थापकीय लगायतका गतिविधिहरूको गुणात्मक र परिमाणात्मक परीक्षण हो  जसलाई स्थानीय सरोकारवालाहरूबाट नै गरिन्छ । यसबाट के पुष्टि हुन्छ भने विद्यालयको सामाजिक परीक्षण भनेको विद्यालयको समाजिकीकरण पनि हो । निश्चय नै विद्यालय सार्वजनिक सम्पत्ति हो । यसका सरोकरवालाहरू नै यसका वास्तविक मालिक पनि हुन भन्ने भावनाको विकास गराउनका लागि सामाजिक परीक्षण एउटा सशक्त औजार हो । यसले सार्वजनिक विश्वासनीयतामा अभिवृद्धि गर्दछ । समाजिक सहयोग जुटाउन सहयोग गर्दछ । विद्यालयलाई अनुशासनमा राख्ने एउटा राम्रो तरिका सामाजिक परीक्षण हो । यसको माध्यमबाट समुदायले विद्यालयको स्थितिको पहिचान गर्दछ  र आवश्यकता बोध गर्दछ भने विद्यालयले समाजको अपेक्षा र विद्यालय प्रतिको दृष्टिकोण कस्तो छ  भन्ने कुराको जानकारी प्राप्त गर्दछ । स्रोत र साधनको समुचित उपभोग गरी शैक्षिक गुणस्तर हासिल गर्न पनि सहयोग गर्दछ ( शिक्षा मन्त्रालय, २०६४) ।

श्रेष्ठ (२०६२) का अनुसार संस्थाको उद्देश्य र क्रियाकलापलाई ध्यानमा राखी संस्था भित्रबाटै कर्मचारीद्वारा आर्थिक कारोबारको विस्तृत रुपले हिसाब जा“ची सुझाव प्रदान गर्ने कामलाई आन्तरिक लेखापरीक्षण भनिन्छ । सरकारी रुपैया असुल, फछ्र्यौट नियमहरू, २०२७ को नियम २ “घ”मा आन्तरिक लेखापरीक्षण भन्नाले महालेखापरीक्षकको विभागलाई अन्तिम लेखापरीक्षणका लागि आर्थिक विवरण पठाउनु अघि गरिने लेखापरीक्षणलाई सम्झनु पर्दछ भनी परिभाषा दिएको छ । आन्तरिक लेखापरीक्षणले बेरुजु मात्र नऔल्याई कायम गरिएको बेरुजुलाई पनि तुरुन्तै नियमित गराउन लगाई आर्थिक प्रशासनको सुसञ्चालनमा सहयोग गर्दछ । त्यसैले पनि उसले व्यवस्थापनको सहभागीको रुपमा कार्य गर्दछ ।

यस भनाइबाट के कुरा प्रस्ट हुन्छ भने आन्तरिक लेखापरीक्षण भन्नु विद्यालयको लागि सामाजिक परीक्षण हो । यसमा आर्थिक पक्षमात्र नभई भौतिक, शैक्षिक तथा मानवीय

पक्षहरूलाई राम्रोस"ग छुट्याउन सकिन्छ । समाजिक परीक्षणले आर्थिक बेरुजु हेर्ने मात्र नभई आर्थिक अनियमित भएको कुरालाई समेत ख्याल गरेको हुन्छ ।

विद्यालय अनुदान कार्यान्वयन निर्देशिका, (२०६१) का अनुसार विद्यालय अनुदानको लेखापरीक्षण र सामाजिक लेखापरीक्षण (Social Audit) गरी २ किसिमबाट लेखापरीक्षण गर्नुपर्दछ । लेखा परीक्षण गर्दा आर्थिक प्रशासनिक नियमावलीका आधारमा रकम खर्च भई निर्माण गरिएका सूचकहरूमा उपलब्धि भए नभएको स्पष्ट गरी सोको प्रतिवेदन अभिभावकहरूको भेलामा सार्वजनिक गर्नुपर्दछ । सामाजिक लेखापरीक्षणको प्रतिवेदन श्रावण १५ गते भित्रमा जिल्ला शिक्षा कार्यलयमा पेश गर्नुपर्दछ । विद्यालयका सरोकारवालाहरू र अभिभावकको संलग्नतामा विद्यालयका कार्य प्रगति सम्बन्धमा सार्वजनिक रुपमा छलफल तथा अन्तरक्रिया गरी सामाजिक लेखापरीक्षण गर्नुपर्दछ । सो गराउने कार्यको जिम्मेवारी शिक्षक अभिभावक संघको हुनेछ । सामाजिक लेखापरीक्षण गर्नको लागि शिक्षक अभिभावक सङ्घको अध्यक्षतामा समिति निर्माण भई सोही समितिले सामाजिक लेखापरीक्षण गर्ने छ (शिक्षा मन्त्रालय, २०६१) ।

सामाजिक परीक्षण गर्ने सम्बन्धी निर्देशिका (२०६५) का अनुसार विद्यालयका सम्पूर्ण गतिविधिहरूमा सरोकारवालाहरूको प्रत्यक्ष संलग्नता रहनुपर्ने र सरोकारवालाको प्रत्यक्ष सहभागितामा विद्यालयका गतिविधिहरूको समुचित परीक्षण हुनुपर्ने मान्यताअनुसार शिक्षा नियमावली, (२०५९) को नियम १७१(क) मा सामाजिक परीक्षण गर्ने व्यवस्था भएकोले यस कार्यलाई व्यवस्थित गर्नका लागि आवश्यक प्रक्रिया निर्धारण गर्न तथा जिम्मेवार संस्था तथा पदाधिकारीको उत्तरदायित्व एवम् भूमिका सुनिश्चित गर्न शिक्षा नियमावली, (२०५९) को नियम १९२ ले अधिकार प्रयोग गरी शिक्षा मन्त्रालयले यो निर्देशिका जारी गरेको छ । यो निर्देशिकाले व्यवस्था गरेअनुसार शिक्षक अभिभावक सङ्घका अध्यक्षको संयोजकत्वमा ७ सदस्य विद्यालयको सामाजिक परीक्षण समितिको गठन गर्ने व्यवस्था रहेको छ । यसैगरी प्रत्येक सामुदायिक विद्यालयले प्रत्येक वर्ष सामाजिक परीक्षण अनिवार्य रुपमा गराउनुपर्ने व्यवस्था रहेको छ ।

समितिले विद्यालयको सामाजिक परीक्षण  प्रत्येक वर्षको भाद्र मसान्तभित्रमा गत आर्थिक वर्षको सामाजिक परीक्षण कार्य सम्पन्न गरी तयार पारिएको प्रतिवेदन सरोकारवालाहरूमा भेला गराई छलफलका लागि प्रस्तुत गर्नुपर्ने व्यवस्था छ। सामाजिक परीक्षण गर्दा सकारात्मक र सुधार गर्नुपर्ने विषय स्पस्ट खुलाई सोको प्रतिवेदन तयार गर्नुपर्ने छ ( शिक्षा मन्त्रालय, २०६५)।

तामाङ (२०६६) का अनुसार सामाजिक परीक्षणले विद्यालयको शैक्षिक विकासमा खेलेको भूमिका पहिचान गर्नका निम्ति महत्वपूर्ण देन दिन सक्छ भन्ने कुरा उल्लेख छ। यो शोधपत्रमा सामाजिक परीक्षणको विद्यालयमा अति आवश्यकता भएको तर राज्य स्तरबाट त्यसको कार्यान्वयन गर्न ऐन कानुन निर्माण गरी निर्देशिका समेत जारी गरिसकेको अवस्थामा विद्यालयहरुले यसको कार्यन्वयन औपचारिक रुपमा मात्र गरेको देखिन्छ। विद्यालयले सामाजिक परीक्षणलाई झञ्झटिलो रुपमा लिने गरेको, सामाजिक परीक्षण समिति प्रति अभिभावक विश्वस्त हुन नसकेको, समुदायले त्यसलाई गहन रुपमा स्वीकार गर्न नसकेको देखिन्छ। यो शोधपत्रमा केन्द्रीय तहमा वा नीति निर्माण कार्यान्वयन तहमा काम गर्ने पदाधिकारीहरुलाई समेत सुझाव दिदै राम्रो नीति बनाएर मात्र पुग्दैन त्यसको कार्यान्वयन तहसम्म राम्रो कार्यक्रम बनाएर पुऱ्याउनु पर्दछ। सम्बन्धित सरोकारवालाहरुलाई तालिम, प्रशिक्षण, सुपरीवेक्षण अनुगमन समेत गर्नु पर्दछ भन्ने सुझाव दिएको पाइन्छ।

झा  (२०६८) का अनुसार विद्यालय समाजको गहना हो। यसले समुदायलाई सही मार्गमा डोऱ्याउनका लागि कार्य गदै आएको छ। विद्यालय र समुदायबीच सम्बन्ध सुमधुर हुन आवश्यक छ। विद्यालयलाई व्यवस्थित रुपमा अगाडि बढाउन सामाजिक परीक्षणको आवश्यकता पर्दछ। विद्यालयको वास्तविक अवस्थालाई अभिभावक समक्ष प्रस्तुत गर्न सजिलो बनेको सामाजिक परीक्षणले विद्यालय र समुदायबीच खेलेको भूमिका र यसले पार्ने प्रभावको लेखाजोखा गरेको हुन्छ। सामाजिक परीक्षणले विद्यालयको आर्थिक, भौतिक, मानवीय तथा शैक्षिक पक्षको अध्ययन गरेको हुन्छ। यसको माध्यमबाट विद्यालयमा हुने कमी कमजोरी पत्ता लगाई सुधार गर्नका लागि उपायहरुको खोजी गरिन्छ ।

प्रसाईं (२०६६) का अनुसार सामुदायिक प्राथमिक विद्यालयकहरुको व्यवस्थापनभित्र पर्ने आर्थिक तत्व पनि महत्वपूर्ण भएकोले यसप्रति सबै सम्बन्धित पक्षको ध्यान जानु वाञ्छनीय देखिन्छ। यस अध्ययनको मुल उद्देश्य प्राथमिक विद्यालयहरुको आर्थिक स्रोत पहिचान गर्नु, विद्यालयहरूबीच आर्थिक स्रोतहरूको तुलना गर्नु, विद्यालयहरूबीचमा आर्थिक पारदर्शिता र व्यवस्थापनको स्थिति पत्ता लगाउनु हो। समुदायमा सञ्चालित विद्यालयहरू आर्थिक रुपमा सक्षम छैनन् ती विद्यालयहरु समुदायले जिम्मा लिएर चलाउने स्थिति देखिँदैन। तसर्थ सरकारले जिम्मा लिएर व्यवस्थापन गरी चलाउनु पर्दछ। विद्यालयमा रकम वितरण गर्दा कनिका बा"डे जस्तो गरी न्यूनतम रकम प्रदान गर्ने र अत्यन्तै न्यून स्थितिमा रहेको हेरी रहने हो भने भोलिको दिनमा शिक्षक मात्र विद्यालयमा रहने छन्। समाज र सरकार गैर जिम्मेवार बन्ने हो भने विद्यालयको अवस्था नाजुक बन्न जान्छ तसर्थ शिक्षकलाई सुविधा दिएर उनीहरुको कार्य क्षेत्रमा सक्रिय संलग्न गराउनु पर्ने देखिन्छ।

यो शोधपत्रमा सामुदायिक विद्यालयको व्यवस्थापनभित्र आर्थिक पक्ष मात्र रहेको छ। आर्थिक पक्षलाई सबल बनाउन सकिए मात्र विद्यालय भित्रका अन्य पक्षहरुलाई मिलाएर अगाडि बढाउन सकिन्छ भन्ने कुरामा जोडदिएको छ। तर यो शोधकार्यको विषयभित्र आर्थिक पक्ष मात्र नभएर, शैक्षिक, भौतिक, मानवीय पक्षहरु सबैलाई सँगै अगाडि लानुपर्दछ भन्ने विषयमा केन्द्रित रहेको छ। सामाजिक परीक्षण भित्र यी माथिका पक्षहरुको समान महत्व रहने भएको ह"ुदा आर्थिक पक्षका अलावा अन्य पक्षहरुको खोजी गर्नु यस अध्ययनको विषय हो। त्यसैगरी शोधकर्ता प्रसाईंले समुदायमा रहेका विद्यालयहरु आर्थिक रुपमा सक्षम छैनन् तसर्थ सरकारले यसलाई जिम्मा लिई चलाउनुपर्दछ भन्ने कुरालाई जोडदिएको छ। हाल विद्यालयहरू समुदायमा हस्तान्तरणको लहर चलिरहेको बेलामा माथिको निश्कर्ष के हो भनी खोजी गर्नु अर्को महत्वपूर्ण पक्ष हो। यसै शोधपत्रलाई आधार बनाएर यसमा अध्ययन हुन नसकेका विषयहरुलाई अध्ययन गर्ने प्रयास गरिएको छ।

यी माथि उल्लेखित साहित्यहरूबाट प्रस्ट हुन्छ कि शैक्षिक सुधार गर्नका लागि विद्यालय व्यवस्थापन राम्रो हुनुपर्दछ । विद्यालय व्यवस्थापनलाई व्यवस्थित गर्न कार्यन्वयन क्षेत्र विद्यालयको शैक्षिक व्यवस्थापन राम्रो बनाउन जरुरी देखिन्छ । यसका लागि आर्थिक, भौतिक, शैक्षिक तथा मानवीय पक्षमा सुधार गर्न जरुरी देखिन्छ । विद्यालय भनेको पवित्र शैक्षिक सामाजिक संस्था भएको हु"दा सेवा क्षेत्रभित्रका मानिसहरूको जनचासो हुने गर्दछ । तसर्थ विद्यालयभित्र एक आर्थिक वर्षमा के कस्ता गतिविधिहरू हुन्छन् त्यसको लेखाजोखा गर्न शिक्षक अभिभावक सङ्घका अध्यक्षको संयोजकत्वमा एक सामाजिक परीक्षण समितिको गठन गर्ने व्यवस्था सामाजिक परीक्षण निर्देशिका २०६५ ले व्यवस्था गरेको छ । यसबाट एकवर्षभित्र त्यहा" भएका सकारात्मक र सुधार गर्नुपर्ने पक्षहरूको बारेमा प्रतिवेदन तयार गरी सरोकारवालाहरूलाई प्रस्तुत गर्ने कार्यले त्यहा" भित्रका बेरुजु मात्र हुने नभई विभिन्न अनियमितताहरू समेत रोक्न सकिन्छ । तसर्थ सामाजिक परीक्षणले विद्यालय व्यवस्थापनमा विभिन्न प्रभाव पार्ने गरेको हुन्छ ।

## २.२. अध्ययनका सैद्धान्तिक खाका

शोधकार्यलाई तथ्यपूर्ण निचोडमा पु¥याउन सर्वमान्य सिद्धान्तको आधार लिनुपर्ने हुन्छ । सिद्धान्तलाई स्वीकृत गर्न वा सिद्धान्तमा आधारित कुनैपनि नया" तथ्यहरू विश्वासनीय र वास्तविक हुन्छन् । प्रस्तुत शोधकार्यका सन्दर्भमा निम्न लिखित सिद्धान्तहरूलाई आधार मानेर अध्ययन गरिएको छ ।

हेनरी फोयल (१९१६) ले प्रतिपादित गरेको सिद्धान्तमा नियन्त्रण भनेको यसरी मूल्याङ्कन गर्नुस"ग छ कि यी संस्थाका सम्पूर्ण कार्य स्वीकृत गरिएको योजना र दिइएको निर्देशन तथा निर्धारित नियमहरु अनुसार भए नभएको पत्तालगाई आवश्यक सुधार गर्नु हो । सङ्घ संस्थाले निर्धारण गरेको लक्ष्य अनुरूप भई रहेको छ छैन भन्ने कुराको लेखाजाखा गर्नु हो

। नियन्त्रण प्रक्रियाले उद्देश्य अनुरुप काम भई रहेको छ छैन, नभएमा के कति कारणले नभएको हो भएको छ भने कस्तो रुपमा भइरहेको छ त्यसलाई हेर्नुपर्दछ । व्यवस्थापनमा गरिएको योजना संगठन, समन्वय, नेतृत्व निर्देशनलाई पूर्णता दिन नियन्त्रण प्रक्रिया आवश्यक हुन्छ । नियन्त्रण प्रक्रियामा वास्तविक कार्य र योजनाको तुलना तथा मूल्याङकन गर्ने काम हुन्छ । लक्ष्य र नतिजामा अन्तर देखिएमा सोको कारण पत्तालगाउन विश्लेषण प्रक्रिया अपनाई पुनः योजना बनाउने पुनः प्रक्रियामा सुधार संशोधन र सुधारात्मक प्रक्रिया सञ्चालन गर्न समेत नियन्त्रण प्रक्रिया आवश्यक हुन्छ (कोइराला र श्रेष्ठ, २०६४ मा उद्धृत ) ।

माथिको यो सिद्धान्त सामाजिक परीक्षणसँग सम्बन्धित छ । विद्यालय समाजमा रहेको हुन्छ । समाजले विद्यालयको आर्थिक, भौतिक, शैक्षिक तथा मानवीय पक्षमा नियन्त्रण वा समन्वय गरी विद्यालयको हित चाहेको हुन्छ । भएका कामको मूल्याङ्कन हुन नसकेका काममा सहयोग गरि अगाडि बढाउने गरेको हु“दा यो सिद्धान्त यहा“ प्रयोग भएको देखिन्छ ।

**रोबर्ट इ. श्लोजर**का अनुसार सर्वमान्य लेखा विधिका सिद्धान्तहरू, व्यवस्थापन नीतिहरू वा उल्लेखित आवश्यकताहरूको पूर्ति निर्धारण गर्ने उद्देश्यले वित्तीय विवरणहरू अभिलेखहरू र सम्बन्धित कार्यहरूको क्रमबद्ध परीक्षण नै लेखापरीक्षण हो । उनका अनुसार आधुनिक व्यावसायिक वातावरणमा लेखापरीक्षणबाट गरिने अपेक्षा र त्यसका सीमाहरूलाई दृष्टिगत गरी अति ठोस र महत्वपूर्ण ढङ्गले व्यवहारिक पक्षमा जोडदिएको पाइन्छ । लेखापरीक्षकले हिसाब किताब तथा अन्य अभिलेखहरू सर्वमान्य विधिका सिद्धान्त तथा व्यवस्थापन नीति अनुरुप भए नभएको जा“च गर्दछ । लेखापरीक्षकसँग हिसाब किताब, अभिलेख आदिको मात्र सीमित नगरी आवश्यकता अनुसार अभिलेखस“ग सम्बन्धित कार्यहरूको परीक्षण गरेर व्यवस्थापकीय नीतिहरूको पूर्ति गर्ने अपेक्षा गरिएको हुन्छ । आधुनिक लेखापरीक्षणमा गणितीय शुद्धताको परीक्षण भन्दा बढी महत्व हिसाब किताबहरू लेखा विधिका सिद्धान्तहरू अनुरुप छन् (श्रेष्ठ, २०६४ मा उद्धृत) ।

**नर्मन फेन्टन** का अनुसार शिक्षा प्रशासनले शिक्षकहरूस"गको असल सम्बन्ध विस्तार गर्न महत्वपूर्ण योगदान पुग्छ भन्ने धारणा प्रतिपादन गरे । शैक्षिक प्रशासन अन्य प्रशासन (जन प्रशासन, धार्मिक प्रशासन, सैनिक प्रशासन आदि) बाट प्राप्त ज्ञानको आधारमा विकसित हुन गएको हो । एक व्यवसायिक संस्थाको सक्षम प्रशासनबाट बस्तुको उत्पादन गरी नाफा कमाउने लक्ष्य रहेको हुन्छ तर शैक्षिक प्रशासनसमेत अन्य प्रशासनभन्दा अलग्गै चरित्र स्थापित गरेको हुनाले एक विद्या/शास्त्र(Discipline) को रुपमा विकसित भएको छ । शैक्षिक प्रशासनको केन्द्र विन्दु शैक्षिक संस्थाहरू हुन्छन् । जस्तो प्राथमिक विद्यालयदेखि विश्वविद्यालय, स्थानीय जिल्ला स्तरीय प्रशासनदेखि शिक्षा सचिवालय शैक्षिक प्रशासनको सरोकार मुख्य रुपमा मानवीय एवम् भौतिक स्रोतहरूस"ग हुन्छ । मानवीय स्रोत भन्नाले शिक्षक, विद्यार्थी, कर्मचारी, अभिभावक पर्दछन् भने भौतिक स्रोत भन्नाले भवन, खेल मैदान, वजेट, शैक्षिक सामग्रीहरू आदि पर्दछन् ( ढकाल,२०५६मा उद्धृत)।

त्यसैले सामाजिक परीक्षणले विद्यालय व्यवस्थापनमा पारेको प्रभावस"ग सम्बन्धित विषयस"ग माथिका सिद्धान्तहरू उपयोग गरिएको छ । यी सिद्धान्तले व्यवस्थापनलाई कसरी व्यवस्थित गर्न सकिन्छ वा सामाजिक परीक्षणलाई लेखापरीक्षण मार्फत अगाडि बढाउन सकिन्छ भन्ने मान्यताका आधारमा यी सिद्धान्तहरूलाई प्रयोग गर्न सकिन्छ ।

## २.३. पुनरावलोकनको उपादेयता:

प्रस्तुत सिद्धान्त र साहित्यहरुले विद्यालय व्यवस्थापनमा समाजिक परीक्षणले आर्थिक, शैक्षिक, मानवीय तथा भौतिक व्यवस्थापनमा के कस्तो प्रभाव पारेको छ सोको पहिचान गर्न र यसको प्रभावकारीता हेर्न तथा विद्यालयको आर्थिक, भौतिक, मानवीय तथा शैक्षिक क्षेत्रमा देखिएका समस्याहरु केलाउन र समस्या समाधानका उपायहरु खोजीगर्न सहयोग पुगेको छ । सामाजिक परिक्षणले विद्यालयका सबै सरोकारवाला बीच कामको बाँडफाँड, आर्थिक नियन्त्रण, शैक्षिक तथा भौतिक व्यवस्थापनमा सहयोग पुग्ने कुरामा जोड दिएको छ । समाजिक परीक्षण

सम्बन्धि स्थापित सिद्धान्त र ती सिद्धान्त अनुसार भए गरेका खोज तथा अन्य सम्बन्धित साहित्यले यस अनुसन्धानलाई स्पष्टरुपमा सहयोग पुऱ्याएको छ । अहिले सम्म भए गरेका यस विषयसंग सम्बन्धित खोज र त्यसको यस अध्ययनसंग सम्बन्धित भई सामुदायिक विद्यालयमा सामाजिक परीक्षणले समुदायमा पारेको प्रभावका सम्बन्धमा भए गरेका कार्य सम्बन्धि जानकारी प्राप्त गर्ने काम साहित्यको पुनरावलोकनवाट प्राप्त भएको छ । कुनै पनि कार्यको प्रभावकारीता र कार्यान्वयनका लागि योजना तयार गर्न, व्यवस्थापन गर्न र कार्यन्वयनका विविध पक्षलाई दिशानिर्देश गर्ने कार्यहरु स्पष्टरुपमा मार्ग प्रदान गर्न, खोजी कार्यलाई अगाडी बढाउन यस साहित्यले र सिद्धान्तले मार्ग प्रसस्त गरेको छ । प्रस्तुत साहित्य र सिद्धान्तले सामाजिक परीक्षण कार्यन्वयन गर्ने निकाय, व्यक्ति र संस्था आदिलाई प्रभावकारी कार्यन्वयनमा समेत सहयोग पुऱ्याएको छ ।

# परिच्छेद तीनः अध्ययन विधि

यस परिच्छेदमा अध्ययनको विधिको बारेमा वर्णन गरिएको छ। मोरङ जिल्लाको बाहुनी स्रोतकेन्द्रका चार वटा विद्यालयहरुलाई आधार बनाई अध्ययन कार्यलाई अगाडि बढाइएको छ। यस परिच्छेदभित्र अनुसन्धानात्मक ढाँचा, जनसंख्या, नमूना छनौट प्रक्रिया र नमूनाको आकार, नमूना छनौटका आधार, अनुसन्धानका साधनहरु , तथ्याङ्कका श्रोतहरु, तथ्याङ्क सङ्कलन प्रक्रिया र तथ्याङ्क विश्लेषण प्रक्रियालाई निम्नानुसार बुँदागत रुपमा वर्णन गरिएको छ।

## ३.१. अनुसन्धानात्मक ढा“चा

यस अनुसन्धानमा प्रस्तुत उद्देश्यहरु परिपूर्ति गर्ने लक्ष्य सहित सीमित स्रोत र साधनको परिधिभित्र रही गुणात्मक तथा परिमाणात्मक अनुसन्धानको ढा“चा प्रयोग गरिएको छ।

## ३.२. जनसंख्या

मोरङ जिल्ला अन्तर्गत १६ वटा स्रोत केन्द्रका विद्यालयहरु मध्ये बाहुनी स्रोत नं. ९ (नौ) का २६ वटा विद्यालयहरु जनसंख्यामा समावेश गरिएको छ। तीमध्ये यस केन्द्रबाट ४ वटा विद्यालय छनौट गरी अध्ययनको जनसंख्या मानिएको छ।

## ३.३. नमूना छनौट प्रक्रिया र नमूनाको आकार

यस अनुसन्धानमा मोरङ जिल्ला भित्रका बाहुनी स्रोत केन्द्रभित्र संचालित सामुदायिक विद्यालयमा आधारित सम्भाव्यता नमूना छनौट विधिबाट १, १ जना प्र. अ., १,१, जना वि.

व्य. स. अध्यक्ष छनौटमा परेका छन् । त्यसैगरी ती विद्यालयबाट २, २, जनाको दरले अभिभावक र २, २ जनाको दरले शिक्षकलाई छनौट गरिएको छ ।

### ३.४. नमूना छनौटका आधार

शोध अनुसन्धान कार्यका लागि बाहुनी स्रोतकेन्द्रबाट यसको भौगोलिक अवस्थालाई समेट्ने गरी नमूना छनौट गरिएको छ । सकेसम्म जातिगत, लैङ्गिक तथा समावेशी आधारमा नमूना छनौट गरिएको छ । नमूना छनौटका आधारहरुमा विश्वसनीयता र वैधता तथा आर्थिक पक्षलाई समेत ध्यान दिई नमूना छनौटको आधार बनाइएको छ ।

### ३.५. अनुसन्धानका साधनहरु

अनुसन्धान कार्यको क्रममा निश्चित साधनहरुको आवश्यकता पर्ने गर्दछ । त्यसका लागि अन्तरवार्ता, प्रश्नावली, समूहगत छलफल, सर्वेक्षण फारमको प्रयोग गरिएको छ ।

### ३.६. तथ्याङ्कका स्रोतहरु

अध्ययन सम्पन्न गर्नका लागि २ प्रकारका तथ्याङ्कहरू सङकलन गर्ने स्रोतको प्रयोग गरिएको छ ।

प्राथमिक स्रोतः आफै विद्यालयमा प्रत्यक्ष संलग्न रही सरोकारवाला व्यक्तिसँग विभिन्न औजार प्रयोग गरी सङ्कलन गरिएका तथ्याङ्कलाई यस शोधपत्र निर्माणमा उपयोग गरी प्रस्तुत गरिएको छ ।

द्वितीय स्रोत : द्वितीय स्रोतको रुपमा स्रोतकेन्द्र जिल्ला शिक्षा कार्यालय, पत्रपत्रिका, लेख, शोधपत्र र गैर सरकारी संस्थाहरुले तयार पारेको प्रतिवेदनबाट पनि तथ्याङ्कलाई पूर्ति गरी पूरा गरिएको छ ।

## ३.७. तथ्याङ्क सङ्कलन प्रक्रिया:

नमूना छनौट गरी सकेपछि ती विद्यालयहरुमा उपस्थित भई विद्यालयका प्रधानाध्यापक मार्फत वि. व्य. स. का सदस्यहरू र अभिभावकसँग सम्पर्क गरी विषय वस्तुस“ग सम्बन्धित प्रश्नावलीको आधारमा तथ्य सङ्कलन गरिएको छ। ४ वटा विद्यालयहरूबाट ६ जनाको दरले २४ जनासँग तथ्याङ्क सङ्कलनका लागि संरचित प्रश्नावली निर्माण गरी प्रत्येक विद्यालयमा रहने शिक्षक, अभिभावक, प्र. अ., वि. व्य. स. अध्यक्षलाई समान प्रकारको तर अलग अलग प्रश्नावली निर्माण गरी तथ्याङ्क सङ्कलन गरिएको छ।

## ३.८ तथ्याङ्क विश्लेषण प्रक्रिया:

संकलन गरिएका तथ्याङ्कलाई विभिन्न तालिका वा वृतचित्र मार्फत् वर्गीकरण गरिएको छ। प्राप्त तथ्याङ्कहरुलाई अध्ययनको उद्देश्य अनुसारका तालिकाहरु निर्माण गरी त्यसलाई अध्ययनको उद्देश्यअनुसार विश्लेषण गरिएको छ। प्राप्त सूचना एवम् तथ्याङ्कलाई परिमाणात्मक तथा गुणात्मक दुबै ढङ्गबाट विश्लेषण गरिएको छ। त्यसैगरी तालिका, चित्र, प्रतिशत अनुपात आदिका आधारमा प्राप्त तथ्याङ्कहरुको प्रस्तुति व्याख्या र विश्लेषण गरिएको छ।

# परिच्छेद चार : तथ्याङ्कको विश्लेषण र व्याख्या

सामुदायिक विद्यालयहरूमा सामाजिक परीक्षणले विद्यालय व्यवस्थापनमा कस्तो प्रभाव पारेको छ ? विद्यालयमा सामाजिक परीक्षणको अवस्था कस्तो रहेको छ ? सामाजिक परीक्षणमा कस्ता समस्याहरू छन् र तिनीहरूको निराकरण कसरी गर्न सकिन्छ भन्ने आधारमा शोधपत्र तयार गर्ने क्रममा प्रश्नावली निर्माण गरी आएका जवाफहरूलाई तथ्याङ्कको रुपमा सङ्कलन गरी प्रस्तुत गर्नुपर्ने महत्वपूर्ण कार्य यस परिच्छेदमा सम्पन्न गरिएको छ। यहा" विभिन्न विद्यालयहरूमा गई त्यहा"बाट लिइएको तथ्याङ्कलाई शब्दमा मात्र नभई तालिकीकरण, स्तम्भ चित्र, वृत्तचित्र र चित्रात्मक प्रस्तुतिद्वारा उद्देश्यपूर्ण अध्ययन गर्न सजिलो हुने भएकाले यस परिच्छेदमा सङ्कलित तथ्याङ्कलाई बु"दागत रुपमा व्याख्याद्वारा अध्ययनको लक्ष्यलाई पूरा गर्न कोशिश गरिएको छ।

## ४.१. विद्यालयमा सामाजिक परीक्षणको अवस्था :

विद्यालयमा समाजिक परीक्षण भन्नाले प्रचलित कानुन बमोजिम विद्यालय सुधार योजना विद्यालयस"ग सम्बन्धित अभिलेख र अन्य दस्तावेजका आधारमा गरिने विद्यालयका सम्पूर्ण गतिविधिको गुणात्मक र परिमाणात्मक परीक्षण सम्झनु पर्दछ। विद्यालय सुधार योजना कार्यक्रम अन्तर्गत विद्यालयमा विभिन्न शीर्षकहरूमा रकम आउने गर्दछ। विद्यालय स्तरमा वि. व्य. स., शिक्षक अभिभावक सङ्घको संयुक्त बैठक राखी कार्यक्रमका सम्बन्धमा छलफल गर्नुपर्दछ। विद्यालयमा प्राप्त सबै प्रकारका अनुदान र खर्चको विवरण सार्वजनिक गर्नुपर्दछ। शिक्षा नियमावलीले तोकेबमोजिम आय र व्ययको लेखा राख्नुपर्दछ। लेखापरीक्षण र सामाजिक परीक्षण समयमा नै गर्नुपर्दछ। विद्यालयस"ग सम्बन्धित सम्पूर्ण गतिविधिहरू

सरोकारवालाहरूको प्रत्यक्ष संलग्नता र जानकारीमा ल्याई विद्यालयमा हुने गतिविधिहरूको समूचित परीक्षण सरोकारवालाहरूकै संलग्नतामा उनीहरूकै बीचमा गर्नुपर्दछ (शर्मा, २०६८)

## ४.१.१ सामाजिक परीक्षणको राष्ट्रिय अवस्था :

विद्यालयमा जाने अनुदान तथा सामाजिक परीक्षण सम्बन्धमा शिक्षा विभागले दिएको तथ्याङ्क निम्नानुसार रहेको छ : शिक्षा क्षेत्रको कुल बजेटलाई निम्न तथ्याङ्कको आधारमा विभाजन गरीएको छ : आ. व. २०६७/०६८ को तथ्याङ्कको आधारमा ।

तालिका १: विद्यालय अनुदान एवम् सामाजिक परीक्षण

| क्र. स. | शीर्षक | प्रतिशत |
|---|---|---|
| १ | आधारभूत शिक्षामा | ६८.४७ |
| २ | माध्यमिक शिक्षामा | १७.०८ |
| ३ | प्राविधिक शिक्षामा | २.३६ |
| ४ | उच्चशिक्षामा | १०.०४ |
| ५ | शैक्षिक व्यवस्थापनमा | १.९९ |
| ६ | अन्यमा | ०.०६ |
|  | जम्मा | १०० **प्रतिशत** |

(स्रोत : शिक्षा मन्त्रालय,२०६८)

माथिको तालिका हेर्दा सरकारको शिक्षाप्रतिको लगानी विभिन्न शीर्षकमा भएको देखिन्छ । खासगरी शिक्षा क्षेत्रमा छुट्याइएको कुल बजेटको दुई तिहाई रकमभन्दा बढी आधारभूत शिक्षामा छुट्याइएको देखिन्छ । पाठ्यक्रम परिमार्जन समिति २०६३ को अनुसार कक्षा १ देखि ८ लाई आधारभूत शिक्षा तोकिएको ह"ुदा र सो तहमा छात्रवृत्ति, पाठ्यपुस्तक, शिक्षक तलब भत्तामा  बढी रकम छुट्याउनु पर्ने हुन्छ । तसर्थ सो तहमा बढी रकम छुट्टिएको हो । त्यसै गरी माध्यमिक तहमा १७ . ०९ प्रतिशत रकम छुट्याइएको छ । यस अन्तर्गत कक्षा ९ देखि १२ को अवधारणा अनुसार शिक्षक तलब भत्ता कक्षा ९ र १० लाई पाठ्यपुस्तक तथा छात्रवृत्ति वितरण पर्दछन् । देशमा शैक्षिक बेरोजगार नहुन् भनी प्राविधिक

शिक्षामा राज्यले २.३६ प्रतिशत रकम छुट्याएको देखिन्छ । यसरी सो रकमले देशमा दक्ष जनशक्ति उत्पादन हुन सकून् भन्ने लक्ष्य सरकारको रहेको देखिन्छ । त्यसैगरी उच्च शिक्षामा १०.०४ प्रतिशत शैक्षिक व्यवस्थापनमा १.९९ प्रतिशत र अन्यमा ०.०६ प्रतिशत रकमको विनियोजन गरेको यो तथ्याङ्कवाट प्रस्ट हुन्छ । यसमा दिएको तथ्याङ्कलाई अझ प्रस्ट पार्नका लागि तालिका नं २ मा  विद्यालयमा दिइने अनुदानको आकार शीर्षकमा रकम विनियोजन गरी प्रस्ट्याइएको छ ।

तालिका २: विद्यालयमा दिइने अनुदानको आकार

| क्र.स. | शीर्षक | रकम |
|---|---|---|
| १ | प्राथमिक शिक्षक तलबभत्ता | **१८ अरब ५0 करोड** |
| २ | नि. मा. वि शिक्षक तलवभत्ता | **९ अरब** |
| ३ | प्रति विद्यार्थी शिक्षक अनुदान | **१ अरब** |

| | | |
|---|---|---|
| ४ | उ. मा. वि. का शि. त. | **८४ करोड** |
| ५ | भौतिक निर्माण | **४ अरब ५५ करोड** |
| ६ | छात्रवृत्ति | **२ अरब ६३ करोड** |
| ७ | गैर तलवीय अनुदान | **३ अरब ६६ करोड** |
| ८ | अन्य खास कार्यक्रमको लागि दिएको रकम | **१ अरब ७५ करोड** |
| ९ | जम्मा(कुल विद्यालयको शिक्षाको ८५ प्रतिशत) | **४१ अरब ९३ करोड** |

*(स्रोत: शिक्षा मन्त्रालय २०६८)*

तालिका नं १ मा दिएको तथ्याङ्क भनेको शिक्षामा छुट्याइएको कुल वजेटको विवरण हो भने तालिका नं. २ मा विद्यालय शिक्षाको क्षेत्रमा विनियोजन गरिएको मात्र विवरण हो । यो तालिकामा शिक्षामा छुट्याइएको रकमको ८५ प्रतिशत विद्यालय शिक्षामा छुट्याइएको विवरण प्रस्तुत गरिएको छ । यो रकम ४१ अरब ९३ करोड रकम विद्यालय शिक्षाका लागि खर्च गर्न छुट्याइएको रकम हो । विद्यालय शिक्षाका लागि छुट्याइएको करिब ६५ प्रतिशत रकम शिक्षकको तलब भत्तामा नै जाने गरेको देखिन्छ । बा“की रहेको ३५ प्रतिशत रकम भौतिक निर्माण, छात्रवृत्ति, पाठ्यपुस्तक, गैर तलवीय अनुदान गरी विद्यालयको खातामा पठाउने गरिन्छ । यसरी हेर्दा सामुदायिक विद्यालयमा तलब भत्तामा नै अधिकांश रकम छुट्यायाइएको पाइन्छ । जसका कारण भौतिक व्यवस्थापन शैक्षिक सामग्री खरिद लगायतका महत्वपूर्ण पक्षहरू ओझेलमा पर्ने गरेका छन् ।

### ४.१.२ विद्यालयमा सामाजिक परीक्षणः

विद्यालयहरूको सामाजिक परीक्षण गर्ने सम्बन्धी निर्देशिका २०६५ ले विद्यालयमा सामाजिक परीक्षण कसरी गर्ने भन्ने विषयमा खाका तयार पारिदिएको छ। जसमा आर्थिक पक्ष, शैक्षिक पक्ष, भौतिक पक्ष तथा मानवीय पक्षहरूको बारेमा उल्लेख गर्ने खाका तयार गरी दिएको छ। यो अध्ययन गर्ने विषयमा सोही फर्मेटलाई सहयोगी बनाई सामाजिक परीक्षणको अवस्था प्रस्ट्याउने काम गरिएको छ। विद्यालयमा शिक्षक अभिभावक संघको अध्यक्षको संयोजकत्वमा एक सामाजिक परीक्षण समिति रहने व्यवस्था भए बमोजिम एउटा खाका तयार गरी परीक्षण गर्ने गरिन्छ। यो अध्ययनमा नमूना छनौटभित्र परेका विद्यालयहरूको आर्थिक,  भौतिक, शैक्षिक तथा मानवीय अवस्थालाई जस्ताको तस्तै तालिका, वृत्त चित्र, स्तम्भ चित्रबाट प्रस्ट्याइएको छ। छनौटमा परेका विद्यालयहरू क्रमशः श्री धीरनाथ सम्फुल विश्वास उच्च माध्यमिक विद्यालय डा"गीहाट १ , श्री सिंहदेवी माध्यमिक विद्यालय केरौन १, श्री सुकुना नि. मा. वि. बाहुनी ९ र श्री जनता प्राथमिक विद्यालय केरौन १ को आम्दानीका स्रोत निम्नानुसारको तालिकाबाट प्रस्ट्याइएको छ।


तालिका ३ : विद्यालयहरूको वार्षिक आम्दानीको विवरण

| क्र.स. | प्राप्तिको विवरण | धीरनाथ | सिंहदेवी | सुकुना | जनता |
|---|---|---|---|---|---|
| १ | सरकारी अनुदान | ५४२२५३१ | २०७६३४९ | १४६८९७२ | ३०६९०२ |
| २ | जग्गा ठेक्का | ६४४५० | | | |
| ३ | गा. वि. स. अनुदान | १४००० | ५५००० | ४४८०० | ३९८०० |
| ४ | मुद्दति व्याज | १४०३९।७६ | ४०००० | | |
| ५ | नगद मौज्दात | ११८०७६ | ३७३० | | |
| ६ | वैंक मौज्दात | ४९५११ | ९४५१४६ | १६१८।५८ | ३००० |
| ७ | गतवर्षको मौज्दात | ८०३७०० | | | |
| ८ | शुल्क आम्दानी | ४३३२७० | १३६०९० | २१५७५ | २००० |
| ९ | विविध आय | ४००० | | | |
| १० | चन्दा प्राप्त | १५००० | ५०१५ | | २७३४८ |
| ११ | सापटी | २५३१६४ | | | |
| १२ | सामुदायिक वन | | १०८००० | | |
| १३ | ऋसरबाट प्राप्त | | ६०००० | ८००० | |
| | | ७१९१७४२ | ३४२९३३० | १५४४९६५।५८ | ३७९०५० |

स्रोत : सम्बन्धित विद्यालयका लेखा परीक्षण प्रतिवेदनहरू(२०६७)

माथिको तालिका आ. व. २०६६/०६७ को चारवटा विद्यालयहरूको आम्दानीको विवरण हो । यी प्राप्त आम्दानीहरू सामाजिक परीक्षण समितिको बैठकले त्यसलाई अनुमोदन गरी वि. व्य. स. को रोहवरमा लेखापरीक्षण गराइएको हो । यहा“ प्रा. वि. तह जनता प्राविको आम्दानी ज्यादै न्यून रहेको छ भने उच्च मा. वि. धीरनाथ संफुल विश्वास उ. मा. वि. को आम्दानीको स्रोत धेरै देखिन्छ । यी विद्यालयहरूमा सरकारी अनुदानको अलवा विभिन्न ठाउ“बाट चन्दा सहयोग प्राप्त गरेको देखिन्छ । गा. वि. स., सामुदायिक वन, ऋसर जस्ता अन्य संघ संस्थाहरूबाट पनि आम्दानी प्राप्त गर्न सफल भएको देखिन्छ । अभिभावक र समाजको प्रत्यक्ष चासो भएको देखिन्छ । यसलाई स्तम्भ चित्रद्वारा देखाइएको छ ।

स्तम्भ चित्र १ :विद्यालयहरुको वार्षिक आम्दानीको विवरण




***स्रोतः स्थलगत अध्ययन सर्वेक्ष0I, द्दण्टड***

माथि देखाइएको चित्रबाट पनि के कुरा प्रष्ट हुन्छ भने प्रावि तह सम्मका विद्यालयहरूको आर्थिक कारोवार वा प्राप्ति कमी रहेको छ भने तुलनात्मक रुपमा जति माथिल्लो स्तर वृद्धि हुदै जान्छ त्यति नै कारोवार पनि बढेको देखिन्छ । यी विद्यालयहरूमा

जसरी आम्दानीको स्रोतहरू प्राप्त भएका छन् त्यसै गरी खर्च पनि शीर्षकस“ग गरेको देखिन्छ। जसलाई तालिकाबाट प्रस्ट पारिएको छ र गरिएका खर्चहरूको पनि सामाजिक परीक्षण गराइएको देखिन्छ।

### ४.१.३ विद्यालयहरूको खर्चको विवरण:

तालिका ४ : विद्यालयहरूको खर्चको विवरण

| क्र.स | भुक्तानीको विवरण | धीरनाथ | सिंहदेवी | सुकुना | जनता |
|---|---|---|---|---|---|
| १ | शिक्षक खर्च | ४४२९८६१।१२ | १८७०८२४ | १११०२४२।५० | ११६००० |
| २ | पा. पु. तथा मसलन्द | १६४५३६।७० | ३५३०७।०० | ९९४९६।६५ | २८५३१।०० |
| ३ | छात्रवृति, पुरस्कार परीक्षा | २३८४३०।०० | १६०७०६।०० | ८८२५३।०० | १६८८०।०० |
| ४ | प्रचार, एस एल सी | ९७०८३।०० | ५३६८०।०० | ४०२२५।२५ | |
| ५ | विविध | ४४०१७।०० | २२९४०।०० | १५३२९।०० | ७९३०।०० |
| ६ | काज भ्रमण | २५४०९।०० | ३५७५।०० | २४४७०।०० | २०६००।०० |
| ७ | चन्दा, व्याज, कर | २७०९।६५ | ११७७३।०० | ५०००।०० | |
| ८ | सापटी फिर्ता | २७८१३।४२ | | | |
| ९ | मर्मत, सरसफाई,खेलकुद | ३६७००७।०० | ५२२७०८।०० | ६४९३।०० | |
| १० | फर्निचर, शै. सामग्री | ११९२०४८।०० | ३६३०७।०० | ४५४३८।०० | ११४०७।०० |

| | | | | | |
|---|---|---|---|---|---|
| ११ | वैंक तथा नगद | ६०२८२४।१० | | | ७७७०२।०० |
| १२ | वचत | | ११०७८५५।०० | २२३६८।०० | १०००००।० |
| १३ | ह्रास | | ७४०८६।०० | ८७६५१।०८ | |
| १४ | जम्मा | ७१९१७४२।०० | ३४२९३३०।०० | १५४४९६५।०० | ३७९०५०।०० |

*स्रोत स्थलगत अध्ययन सर्वेक्षण, २०६८*

यो विवरणवाट हेर्दा हरेक विद्यालयमा सामाजिक परीक्षण गराई लेखा परीक्षण गर्ने गरेको पाइयो । सम्बन्धित विद्यालयका प्रधानाध्यापक, वि. व्य. स. अध्यक्ष, शिक्षक तथा अभिभावकस“ग आम्दानी र खर्चको बारेमा सोधनी गर्दा उनीहरूबाट आएको जवाफअनुसार हरेक विद्यालयहरूमा खर्च गर्दा वि. व्य. स. को निर्णय बमोजिम खर्च गर्ने गरेको देखिन्छ । विद्यालयमा प्राप्त आम्दानीका स्रोतहरू सरकारी निकायका अलवा गैरसरकारी तहबाट सामुदायिक वन उपभोक्ता समूहबाट प्राप्त गरेको रकम भनेको समुदायको पहलबाट भएको देखिन्छ । त्यसैगरी विद्यालयले गर्ने खर्चमा पनि समुदायको चासो रहेको देखिन्छ । कुन शीर्षकमा कति रकम खर्च गरियो भन्ने कुरा हरेक अभिभावकले चासो राखेको देखिन्छ । यी विद्यालयमा भएका खर्चहरूको कुल विवरणलाई यहा“ वृत्तचित्रमा निम्नानुसार प्रस्तुत गरिएको छ ।

चित्र २ विद्यालयहरूको जम्मा खर्चको विवरण

*स्रोत: स्थलगत अध्ययन सर्वेक्षण,२०६८*

विद्यालयहरुको एक आर्थिक वर्षको कुल खर्चको विवरण माथिको चित्रमा प्रस्तुत गरिएको छ । प्रा. वि. को तुलनामा माथिल्ला तहका विद्यालयहरूको खर्च बढी रहेको देखिन्छ । उक्त खर्चहरूलाई सामाजिक परीक्षण पश्चात् लेखापरीक्षण गराई व्यवस्थित गरेको पाइयो ।

### ४.१.४ विद्यालयहरूको भौतिक अवस्था:

विद्यालयको सामाजिक परीक्षणको अर्को महत्वपूर्ण पाटो विद्यालयको भौतिक अवस्था हो । यस अध्ययनमा परेका विद्यालयहरूको भौतिक अवस्था ती विद्यालयहरूको अभिलेख तथा लेखा परीक्षण प्रतिवेदन २०६७ का अनुसार निम्नानुसारको विवरण रहेको छ ।

तालिका ५ : विद्यालयहरूको भौतिक स्थितिको विवरण

| क्र.स. | शीर्षक | धीरनाथ | सिंहदेवी | सुकुना | जनता |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| १ | जग्गा | ९"00"00 | १"00"0४ | 0१"0१"00 | 00"१0"0 |
| २ | भवन संख्या | ६ | ४ | ३ | २ |
| ३ | कोठा | १८ | १४ | १२ | ५ |
| ४ | टेबुल | ३ | २ | १ | १ |
| ५ | अफिस | २ | २ | १ | १ |
| ६ | शौचालय | १0 | २ | १ | १ |
| ७ | डेक्स बेन्च | २९0 सेट | ९७ सेट | १५0 सेट | २८सेट |
| ८ | फूलवारी बगैंचा | छ | छ | छैन | छ |
| ९ | कम्पाउण्ड | १"१९"१९ | 00"0७"00 | 00"१६"00 | 0"५"0 |
| १0 | शैक्षिक सामग्री | पर्याप्त | सामान्य | पर्याप्त | सामान्य |
| ११ | विद्यार्थी संख्या | १0२२ | ६१५ | ४८0 | १३५ |
| १२ | पुस्तकालय | भएको | भएको | नभएको | नभएको |

स्रोतः विद्यालयहरूको लेखा परीक्षण प्रतिवेदन २०६८

यस अध्ययन भित्रका यी चारवटा विद्यालयहरू कुनै अत्यन्तै धनी छन् भने कुनै अत्यन्तै गरीब विद्यालय छन्। जसको भवन तथा खेल मैदान सामुदायिक वन क्षेत्रभित्र रहेको छ। कुनै विद्यालयको आफ्नै जग्गा तथा भवन रहेको छ। विद्यालयको भवन निर्माण कार्य सबैको अगाडि बढी रहेको छ। धीरनाथ उ. मा. वि मा ४ कोठे भवन र बा"की अन्य तीन वटा विद्यालयहरूमा २ कोठे भवन निर्माण कार्यमा अगाडि बढी रहेका छन। विद्यार्थी संख्याका

आधारमा धीरनाथमा कक्षाकोठा न्यून रहेको अवस्था छ भने आन्तरिक कम्पाउण्डको राम्रो व्यवस्था छैन । सिंहदेवीमा शौचालयको संख्या कम रहेको अवस्था छ ।

### ४.१.५ विद्यालयहरूको शैक्षिक तथा मानवीय अवस्थाः

विद्यालयमा गरिने सामाजिक परीक्षणको अर्को पक्ष विद्यालय व्यवस्थापन पनि हो विद्यालयको शैक्षिक अवस्था कस्तो छ ? शिक्षक कर्मचारीको व्यवस्था कसरी गरिएको छ ? विद्यार्थीको भर्ना तथा उपस्थिति कस्तो रहेको छ  जस्ता कुराहरू विद्यालय व्यवस्थापनभित्र पर्दछन् । तिनीहरूको लेखा जोखा तालिकामा दिएको तथ्याङ्कका आधारमा प्रस्तुत गरिएको छ ।

तालिका ६: विद्यालयको शैक्षिक तथा मानवीय अवस्था

| क्र. स. | विवरण | धीरनाथ | सिंहदेवी | सुकुना | जनता |
|---|---|---|---|---|---|
| १ | शिक्षक दरबन्दी | २२ | १० | ८ | १ |
| २ | निजी स्रोतका शिक्षक |  | ४ | ३ | २ |
| ३ | कर्मचारी | ३ | १ | १ | १ |
| ४ | विद्यार्थी संख्या | १०२२ | ६१५ | ४८० | १३५ |
| ५ | वि. व्य. स. वैठक वार्षिक | २२ | १२ | ८ | १३ |
| ६ | अभिभावक भेला | २ | १ | १ | १ |
| ७ | शिक्षक स्टाफ वैठक | ४ | ४ | ३ | २ |
| ८ | वर्षभरिमा विद्यालय खुलेको दिन | २०२ | २०३ | २०० | १९८ |
| ९ | कक्षा सञ्चालन दिन | १८२ | १८५ | १८७ | १७५ |
| १० | शिक्षक अभिभावक संघ बैठक | २ | १ | १ | १ |

| | | | | | |
|---|---|---|---|---|---|
| ११ | विद्यार्थीको शैक्षिक उपलब्धि | ५२ | ४२ | ४६ | ४९ |
| १२ | SLC नतिजा | ८०प्रतिशत | ४५प्रतिशत | | |

स्रोतः स्थलगत अध्ययन सर्वेक्षण,२०६८

माथिको तालिकामा विद्यालयहरूको शैक्षिक तथा मानवीय अवस्था झल्काउने प्रयास गरिएको छ । यसबाट ती विद्यालयहरूमा शिक्षकहरूको दरबन्दी, कर्मचारीको व्यवस्थापन, विद्यार्थी सङख्या, कक्षा सञ्चालन भएका दिनहरू, विद्यार्थीको शैक्षिक उपलब्धिलाई लिन सकिन्छ । कुनै विद्यालयमा २२ जना दरबन्दीका विषयगत शिक्षकहरू छन् भने कुनैमा १ जना मात्र दरबन्दी मा रहेर काम गरीरहेका शिक्षक छन् । तर त्यहा" निजी स्रोतबाट त्यह"ाको समुदायले ३ जनासम्म शिक्षक पालेर विद्यालय सञ्चालन गरेको अवस्था देखिन्छ । त्यसैगरी कुनै विद्यालयले मा. वि. स्तरमा रहेर पनि १० वटा दरबन्दी ले ४ जना निजी स्तरबाट शिक्षकको खर्च बेहोरेर विद्यालय सञ्चालन गरेको अवस्था छ । कुनै विद्यालयमा करिव छ लाख भन्दा बढीको रकम अक्षयकोष विभिन्न समाजका शैक्षिक व्यक्तिहरूले राखी दिएका छन् भने बास्केट फन्डमा छ लाख भन्दा बढी रकम जम्मा गरेको देखिन्छ । यस पटकको SLC परीक्षाको नतिजा ८० प्रतिशत ल्याउने धीरनाथ रहेको छ  भने सिंहदेवीको नतिजा ४५ प्रतिशत रहेको छ । विद्यालयमा वि. व्य. स. बैठक अभिभावक भेला शिक्षक स्टाफ बैठकहरू हुने गरेको देखिन्छ । वैठकमा निर्णय गरिदा प्रस्ताव राखी निर्णयार्थ प्रस्तुत गरी त्यसलाई अन्तिम निकास दिई निर्णय गरेको देखिन्छ ।

## ४.२. विद्यालय व्यवस्थापनमा सामाजिक परीक्षणको प्रभाव :

यो शोधपत्रको अर्को उद्देश्य भनेको विद्यालय व्यवस्थापनमा सामाजिक परीक्षणले कस्तो प्रभाव पारेको छ भन्ने कुरा हो । यसै विषयमा प्रश्नावली निर्माण गरी वि. व्य. स. अध्यक्षहरू, प्रधानाध्यापकहरू, शिक्षकहरू र अभिभावकहरूस“ग जवाफ लिने काम भएको छ । ती जवाफका आधारमा आर्थिक क्षेत्रमा, भौतिक क्षेत्रमा, मानवीय तथा शैक्षिक जनशक्तिको क्षेत्रमा र शैक्षिक उपलब्धिको क्षेत्रमा कस्तो प्रभाव रहेको छ भनी यसरी हेरिएको छ ।

### ३.२.१. आर्थिक क्षेत्रमा सामाजिक परीक्षणको प्रभाव :

सामाजिक परीक्षणको विषयमा अधिकांश विद्यालय व्यवस्थापन समिति अध्यक्षहरूको धारणा यस प्रकार रहेको पाइयो । सामाजिक परीक्षण भन्नाले समाजमा रहेका शिक्षण संस्थाहरूको क्रियाकलाप, त्यसको प्रक्रिया, नीति, त्यसका प्रभाव र परिणामहरूको समाजद्वारा लेखाजोखा गर्नु नै हो । सामाजिक परीक्षणको तालिममा कुनै अध्यक्षहरूले सहभागी हुने अवसर नपाएको जानकारी पाइयो । सामाजिक परीक्षणका लागि केही प्र. अ. ले सहयोग गरेको पाइयो भने केही प्र. अ. ले सहयोग नगरेको कुरा वि. व्य. स. अध्ययक्षबाट गुनासाहरू आए । सामाजिक परीक्षणले विद्यालय व्यवस्थापनमा कस्तो प्रभाव पारेको छ भनी प्रश्न गर्दा सामाजिक परीक्षणले विद्यालयको चौतर्फी विकासमा सहयोग पुऱ्याएको छ । यसले विद्यालय व्यवस्थापनमा पनि धेरै राम्रो प्रभाव पारेको छ । विद्यालय व्यवस्थापनमा अध्यक्षको प्रतिक्रियाअनुसार सामाजिक परीक्षणले विद्यालयको आर्थिक नियन्त्रण, खर्चमा मितव्ययीता, आय व्ययमा पारदर्शीता बनाउने विषयमा विद्यालयमा दोहोरो लेखा प्रणालीको व्यवस्था गर्नुपर्ने, समय समयमा तालिम गोष्ठी तथा वार्षिक रुपमा समग्र मूल्याङ्कन जस्ता कुराहरु हुन जरुरी हुनु पर्ने विषयमा जोड दिएको पाइन्छ ।

यसै विषयमा विद्यालयका प्रधानाध्यापकसँग प्रतिक्रिया लिँदा आफूहरुले सामाजिक परीक्षणसँग सम्बन्धित कुनै तालिम गोष्ठी नलिएको भए तापनि पहिले हुनेगरेको सामाजिक लेखा परीक्षण नै सामाजिक परीक्षण हो  भनी आफूहरुले बुझेको कुरा बताएका छन् । यसले

विद्यालयमा हुने आर्थिक पक्षलाई नियन्त्रण गर्ने विद्यालयमा हुने गरेका हरेक गतिविधिहरुलाई विद्यालयमा गरिने खर्च जस्तै भवन निर्माण ,आन्तरिक कम्पाउण्ड, फर्निचर निर्माण तथा भवन निर्माण जस्ता कुराहरुमा वि. व्या. सं. संग मिलेर गरेको पाइयो । आर्थिक स्रोत जुटाउने क्रममा जि. वि. स., गा. वि. स., सामुदायिक वन उपभोक्ता समूह, क्रसर (ढुङगा उद्योग) बाट चन्दा सङकलन गरेको पाइयो । त्यसैगरी अभिभावकहरुसँग सहयोग मागी निर्माणका कामहरु अगाडि बढाएको देखिन्छ । विद्यालयमा सामाजिक परीक्षण कसरी गरिएको छ भनी सोधिएको प्रश्नको उत्तरअनुसार विद्यालयमा सामाजिक परीक्षण गराउँदा वि. व्या. स., शिक्षक अभिभावक संघ, शिक्षक, राजनैतिक दलका प्रतिनिधीहरु लगायत सबै सरोकारवाला व्यक्तिहरु भेला गराई विद्यालयमा सामाजिक परीक्षण गराउने गरेको पाइयो । कुनै विद्यालयमा विद्यालय व्यवस्थापन समितिले हिसाब पास गरी लेखा परीक्षण गराइन्छ भने कुनै विद्यालयमा दलका मानिसहरु राखी हिसाब किताब हेर्ने काम गराइन्छ ।

त्यसै गरी यस विषयमा शिक्षक तथा अभिभावकहरुको धारणा के छ भनी सोध्ने काम भएको छ । उनीहरुका अनुसार सामाजिक परीक्षण विद्यालयको चौतर्फी विकासका लागि महत्वपूर्ण औजार हो । तर त्यसलाई व्यवहारमा उतार्ने काम कम भएको छ भनी जवाफ पाइयो । विद्यालयमा सामाजिक परीक्षणको प्रभाव कस्तो छ भनी शिक्षकहरुमा सोधनी गर्दा यसलाई प्रभावकारी बनाउन अझै सुधारका कामहरु गर्नुपर्दछ भन्ने कुरा जानकारी भयो । उनीहरुका अनुसार आर्थिक क्षेत्र भनेको विद्यालयको महत्वपूर्ण क्षेत्र हो । यसलाई सुधार गर्न सकेमात्र विद्यालयको प्रगति उन्नति हुँदै जान्छ ।  खास गरी सामाजिक परीक्षण समितिको भूमिकालाई मजबुत बनाउदै लाँदा मात्र त्यसको प्रभाव राम्रो हुन्छ भन्ने जवाफ पाइयो । यसै विषयमा अधिकांश अभिभावकहरुले सामाजिक परीक्षणको क्षेत्र भनेको आर्थिक क्षेत्र हो भन्ने कुरा बुझेको पाइयो । सामाजिक परीक्षणले आर्थिक नियन्त्रण गरी भ्रष्टाचार रोक्न यसले मद्दत गर्दछ  भन्ने राय प्राप्त भयो । सामाजिक परीक्षणलाई प्रभावकारी बनाउन माथिल्लो निकायबाट समय

समयमा अनुगमन रेखदेख तथा नियन्त्रण गरी आर्थिक व्यवस्थापनलाई मजबुत बनाउन सकेमात्र विद्यालय व्यावस्थापनमा राम्रो प्रभाव रहन सक्छ ।

**रोबर्ट इ. श्लोजर**का अनुसार सर्वमान्य लेखा विधिका सिद्धान्तहरू, व्यवस्थापन नीतिहरू वा उल्लेखित आवश्यकताहरूको पूर्ति निर्धारण गर्ने उद्देश्यले वित्तीय विवरणहरू अभिलेखहरू र सम्बन्धित कार्यहरूको क्रमबद्ध परीक्षण नै लेखापरीक्षण हो । उनका अनुसार आधुनिक व्यावसायिक वातावरणमा लेखापरीक्षणबाट गरिने अपेक्षा र त्यसका सीमाहरूलाई दृष्टिगत गरी अति ठोस र महत्वपूर्ण ढङ्गले व्यवहारिक पक्षमा जोड दिएको पाइन्छ । लेखापरीक्षकले हिसाब किताब तथा अन्य अभिलेखहरू सर्वमान्य विधिका सिद्धान्त तथा व्यवस्थापन नीति अनुरुप भए नभएको जाँच गर्दछ । लेखापरीक्षकसँग हिसाब किताब, अभिलेख आदिको मात्र सीमित नगरी आवश्यकता अनुसार अभिलेखसंग सम्बन्धित कार्यहरूको परीक्षण गरेर व्यवस्थापकीय नीतिहरूको पूर्ति गर्ने अपेक्षा गरिएको हुन्छ । आधुनिक लेखापरीक्षणमा गणितीय शुद्धताको परीक्षण भन्दा बढी महत्व हिसाब किताबहरू लेखा विधिका सिद्धान्तहरू अनुरुप छन् । धेरै अभिभावकहरुले बुझेको सामाजिक परीक्षणबाट विकसित भएर आएको शब्द हो लेखा परीक्षणमा आर्थिक पक्षलाई मात्र हेरिन्छ भने सामाजिक परीक्षण भित्र आर्थिक, भौतिक, शैक्षिक तथा मानवीय पक्षहरु पर्दछन् तसर्थ यो सिद्धान्त यहाँ मेल खाएको देखिन आउँछ ।

### ३.२.२. भौतिक क्षेत्रमा सामाजिक परीक्षणको प्रभावः

सामाजिक परीक्षणको अर्को महत्वपूर्ण पक्ष भौतिक क्षेत्र हो यस क्षेत्र भित्र विद्यालयको भवन, कक्षा कोठा, फर्निचर शौचालय, घेराबारा, कम्प्यूटर पुस्तकालयको भवन, फुलबारी,करेशाबारी, तथा वृक्षारोपण पर्दछन् । यस अध्ययन क्षेत्र भित्रका विद्यालयहरुको भौतिक पक्षमा कस्तो प्रभाव रहेको छ भनि विश्लेषण गर्न तलको तालिका बाट प्रष्ट हुन्छ ।

तालिका ७ : भौतिक क्षेत्रमा सामाजिक परीक्षणको प्रभाव

| क्र.स. | शीर्षक | धीरनाथ | सिंहदेवी | सुकुना | जनता |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| १ | भवन संख्या | ६ | ४ | ३ | २ |
| २ | कोठा | १८ | १४ | १२ | ५ |
| ३ | टेबुल | ३ | २ | १ | १ |
| ४ | शौचालय | १0 | २ | १ | १ |
| ५ | डेक्स बेन्च | २९0 सेट | ९७ सेट | १५0 सेट | २८सेट |
| ६ | फूलवारी बगैंचा | छ | छ | छैन | छ |
| ७ | पुस्तकालय | छ | छ | छैन | छैन |

स्रोतः विद्यालयहरूको लेखा परीक्षण प्रतिवेदन २०६८

यस अध्ययन भित्रका यी ४ वटा विद्यालयहरुको भौतिक अवस्था कुनैको राम्रो देखिन्छ भने कुनै विद्यालयको कमजोर देखिन्छ। यी विद्यालयका वि. व्य. स. अध्यक्षहरु संग सोधनी गर्दा उनीहरुको जवाफ छ की यी विद्यालयहरुको भौतिक निर्माण कार्यमा सहयोगी भूमिका रहेको छ। विद्यालयलाई व्यवस्थित रुपमा सञ्चालन गर्न विद्यालयको भवन कक्षा कोठा, फर्निचर शौचालय निर्माणमा आफ्नो भूमिका महत्वपूर्ण रहेको जवाफ पाइयो। त्यसै गरी प्रधानाध्यापकहरुको धारणा पनि वि. व्य. स. अध्यक्षहरु संग मिल्दो जुल्दो रहेको छ। विद्यालयमा हुने गरेका हरेक गतिविधिहरु विद्यालयमा गरिने खर्च भवन निर्माण आन्तरिक कम्पाउणड, फर्निचर निर्माण तथा भवन मर्मत जस्ता कुराहरुमा वि. व्य. स. संग मिलेर काम गरेको देखिन्छ। आवश्यक स्रोत जुटाउने तथा त्यसको व्यवस्थित परिचालनमा संगै मिलेर काम गरेको देखिन्छ। भौतिक निर्माणका कतिपय काममा अभिभावकहरुसंग सहयोग मागी निर्माण कामलाई व्यवस्थित गरेको देखिन्छ।

हेनरी फोयल (१९१६)ले प्रतिपादन गरेको सिद्धान्तअनुसार नियन्त्रण भनेको मूल्याङ्कन गर्नु हो। निर्देशन, रेखदेख गर्नु कमजोरी पत्ता लगाउनु र कमजोरीलाई सच्याउनु हो। यो

सिद्धान्त सामाजिक परीक्षणमा पनि लागु हुन्छ। विद्यालयका हरेक गतिविधिहरूमा समाजको रेखदेख, नियन्त्रण, कमजोरीलाई सच्याउने जस्ता कामहरू हुन्छन् तसर्थ यो सिद्धान्त यहा" पनि लागु भएको देखिन्छ।

### ३.२.३. मानवीय तथा शैक्षिक जनशक्तिको क्षेत्रमा सामाजिक परीक्षणको प्रभावः

सामाजिक परीक्षणको अर्को पक्ष मानवीय तथा शैक्षिक जनशक्ति हो यसले विद्यालयको सबै कार्यक्रमको कार्यन्वयन गराउने काममा महत्वपूर्ण भूमिका खेलेको हुन्छ अध्ययन गरिएका विद्यालयहरुको मानवीय तथा शैक्षिक जनशक्तिको क्षेत्रमा सामाजिक परीक्षणको प्रभाव हेर्न तलको तालिका वाट पनि प्रष्ट हुन्छ।

तालिका ८: मानवीय क्षेत्रमा सामाजिक परीक्षणको प्रभाव

| क्र. स. | विवरण | धीरनाथ | सिंहदेवी | सुकुना | जनता |
|---|---|---|---|---|---|
| १ | शिक्षक दरबन्दी | २२ | १० | ८ | १ |
| २ | निजी स्रोतका शिक्षक | | ४ | ३ | २ |
| ३ | कर्मचारी | ३ | १ | १ | १ |
| ४ | विद्यार्थी संख्या | १०२२ | ६१५ | ४८० | १३५ |
| ५ | वि. व्य. स. वैठक वार्षिक | २२ | १२ | ८ | १३ |
| ६ | शिक्षक स्टाफ वैठक | ४ | ४ | ३ | २ |
| ७ | शिक्षक अभिभावक संघ बैठक | २ | १ | १ | १ |

स्रोतः विद्यालयहरूको लेखा परीक्षण प्रतिवेदन २०६८

माथीको तालिका हेर्दा सबै विद्यालयहरुमा आवश्यकता अनुसारको दरबन्दी नरहेको देखिन्छ । कुनै विद्यालयमा सरकारी दरबन्दी धेरै देखिन्छ भने कुनै विद्यालयमा कम दरबन्दी रहेको देखिन्छ । कुनै विद्यालयमा ४ जना सम्म निजीस्रोतमा विद्यालयले खर्च व्यहोर्ने गरी शिक्षकहरु राखी विद्यालय सञ्चालन गरेको देखिन्छ । समुदायिक विद्यालयहरुलाई राज्यले आर्थिक व्यवस्थापन गरी सञ्चालन गर्नु पर्नेमा स्थानिय अभिभावकहरु विद्यालय व्यवस्थापन समिति, शिक्षक लगायत ले स्रोतको खोजी गरी जनशक्तिको व्यवस्था गरेको देखिन्छ जसले गर्दा विद्यालयको पठनपाठन राम्रो संग चलेको पाइयो । ति विद्यालयहरुमा तिन जना देखि एक जना सम्म विद्यालय कर्मचारी राखी विद्यालयको व्यवस्थापन गरेको पाइन्छ । विद्यार्थीहरुको संख्या उल्लेख्य रहेको छ भने विद्यालय व्यवस्थापन समितिको वैठक आवश्यकता भन्दा बढी बसेको देखिन्छ । शिक्षक स्टाफहरुको वैठक समय समयमा बस्ने गरेको पाइन्छ । तर यहाँ शिक्षक

अभिभावक संघको वैठक भने न्यून रहेको पाइन्छ यस बाट के प्रष्ट हुन्छ भने विद्यालय व्यवस्थापन समितिले शिक्षक अभिभावक संघको भूमिकालाई प्रभावित पारेको देखिन्छ । विद्यालय व्यवस्थापनमा शिक्षक अभिभावक संघलाई पनि सन्तुलन गरेर अगाडी बढाएको खण्डमा सामाजिक परीक्षणको प्रभाव अझ राम्रो हुने थियो ।

नर्मन फेन्ट्नका अनुसार प्राथमिक विद्यालयदेखि विश्व विद्यालय, स्थानीय जिल्ला स्तरीय प्रशासनदेखि शिक्षा सचिवालय, शैक्षिक प्रशासनको सरोकार मुख्य रुपमा मानवीय एवं भौतिक स्रोतहरूस“ग सम्बन्धित हुन्छन् । मानवीय स्रोत भन्नाले शिक्षक विद्यार्थी तथा कर्मचारी पर्दछन् । यसरी हेर्दा यो सिद्धान्त यहा“ मेल खाएको देखिन आउछ किनकि मानवीय स्रोत भित्रको एउटा मुख्य पात्र शिक्षक हो । शिक्षक भनेको कार्यान्वयन तहको एउटा मुख्य पक्ष हो । तसर्थ सामाजिक परीक्षण भित्रको पक्षमा यो सिद्धान्त यहा“ लागु भएको देखिन्छ ।

### ३.२.४. शैक्षिक उपलब्धिको क्षेत्रमा सामाजिक परीक्षणको प्रभावः

विद्यालयमा वर्ष भरिमा पठन पाठन के कति भयो, विद्यार्थीहरु विद्यालयमा नियमित रुपमा आएकी आएनन् वर्ष भरिमा विद्यालय के कति दिन खुल्यो कक्षा सञ्चालन कति दिन भयो, शैक्षिक उपलब्धि कस्तो रहयो भन्ने विषय यस क्षेत्रको खोजीको विषय हो विद्यालयमा सामाजिक परीक्षणले शैक्षिक उपलब्धिमा कस्तो प्रभाव पारेको छ भनी निम्न तालिका अनुसार वर्णन गर्न सकिन्छ ।

३.२.५. तालिका ९ : शैक्षिक उपलब्धिको क्षेत्रमा सामाजिक परीक्षणको प्रभावः

| क्र.स. | शीर्षक | धीरनाथ | सिंहदेवी | सुकुना | जनता |
|---|---|---|---|---|---|
| १ | वर्षभरिमा विद्यालय खुलेको दिन | २०२ | २०३ | २०० | १९८ |
| २ | कक्षा सञ्चालन दिन | १८२ | १८५ | १८६ | १६५ |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | विद्यार्थीको शैक्षिक उपलब्धि | ५२ | ४२ | ४६ | ४९ |
| ४ | SLC नतिजा | ८०प्रतिशत | ४५प्रतिशत | | |

स्रोतः विद्यालयहरूको लेखा परीक्षण प्रतिवेदन २०६८

माथिको तालिका विद्यालयहरुको शैक्षिक उपलब्धिमा सामाजिक परीक्षणको प्रभाव झल्काउने प्रयास गरिएको छ । ति विद्यालयहरुमा शिक्षकहरुको दरबन्दी कर्मचारीको व्यवस्थापन, विद्यार्थी संख्या कक्षा सञ्चालन भएका दिनहरु विद्यार्थीको शैक्षिक उपलब्धिलाई लिन सकिन्छ । धेरै जसो विद्यालयहरुले निजी स्रोतमा शिक्षकहरुको व्यवस्था गरेर भए पनि पठनपाठनलाई सुचारु गरेको देखिन्छ । विद्यालय औसत २०० दिन खुलेको देखिन्छ भने १८२ दिन जति सरदर पढाई भएको देखिन्छ । यी मध्ये दुईवटा विद्यालयहरुको एस. एल. सी. नतिजा राम्रो देखिन्छ । त्यसै गरी विद्यार्थीहरुको शैक्षिक उपलब्धि सरदर ४७ प्रतिशत रहेको देखिन्छ ।

विद्यालयमा सामाजिक परीक्षणको प्रभाव कस्तो रहेको छ भन्ने क्रममा यसको आर्थिक पक्ष, भौतिक पक्ष, मानवीय पक्ष तथा शैक्षिक उपलब्धिको पक्षलाई विश्लेषण गर्ने काम गरियो यी सबै कामहरु विद्यालय व्यवस्थापन समिति , अभिभावक तथा शिक्षकहरुको सहयोगवाट भएको देखिन्छ । प्रस्तावित रुपमा सञ्चालित विद्यालयहरुले निजीस्रोत वाट ठुलो आर्थिक बोझको सामना गर्नु परेको देखिन्छ । तथापि विद्यार्थीहरुको शैक्षिक उपलब्धि भने राम्रो देखिन्छ । यी सबै कामले गर्दा विद्यालय व्यवस्थापन समितिले प्रमुख भुमिका निर्वाह गरेको देखिन्छ । सामाजिक परीक्षण निर्देशिका २०६५ले व्यवस्था गरे अनुसार यसको भूमिका शिक्षक अभिभावक संघसंग रहनुपर्ने हो तर शिक्षक अभिभावक संघ नाम मात्रको रहेको देखिन्छ । उसको खासै भूमिका देखिदैंन यसलाई अझ प्रभावकारी बनाउन सबैले आफ्नो क्षेत्रवाट कानुनले दिएको जिम्मेवारी पुरा गरी अघी बढ्ने हो भने विद्यालय व्यवस्थापनमा सामाजिक परीक्षणको प्रभाव अझ राम्रो देखिने थियो ।


## ४.३. विद्यालयमा सामाजिक परीक्षणका समस्याहरुः

सामाजिक परीक्षणले विद्यालयको आर्थिक, शैक्षिक, भौतिक तथा मानवीय गतिविधिहरुलाई पारदर्शी र आलोचना मूक्त गर्न मद्दत गर्दछ। समुदायबाट टाढिएको विद्यालयलाई नजिक ल्याई अभिभावक र विद्यालयबीचको सम्बन्धलाई सुमधुर राख्न मद्दत गर्दछ। विद्यालयमा स्थानीय जनसहभागिता जुटाउन, अभिभावकहरुमा विद्यालय प्रतिको अपनत्वको भावना जगाउन र आर्थिक पारदर्शिताका लागि सरकारले विद्यालयमा सामाजिक परीक्षण गर्ने सम्वन्धी कार्यविधि २०६२ तयार पारी सामाजिक परीक्षण गर्ने सम्बन्धि निर्देशिका २०६५ जारी गरी सामाजिक परीक्षणलाई थप व्यवस्थित गरेर कार्यान्वयनमा ल्याएको भए तापनि यसका थुप्रै समस्याहरु रहेका छन् ।

### ३.३.१. विद्यालयमा सामाजिक परीक्षण सम्बन्धि जानकारी

विद्यालयमा गरिने सामाजिक परीक्षणको अवधारणा नविनतम् हो । यसलाई पहिले सामाजिक लेखा परीक्षण भनिने गरिन्थ्यो । अनुसन्धानको क्रममा वि. व्य. स. अध्यक्ष, प्र. अ., शिक्षक तथा अभिभावकबाट यसको परिभाषा तपशिल बमोजिम मात्र रहेको पाइयो जसलाई स्तम्भ चित्र मा देखाइएको छ ।

चित्र ३ समाजिक परीक्षण सम्बन्धी धारणाः




*स्रोतः स्थलगत सर्वेक्षण, २०६८*

माथिको तालिकाबाट प्रस्ट हुन्छ कि सामाजिक परीक्षणको बारेमा राम्रो जानकारी नहुनु एउटा प्रमुख समस्या हो । हालसम्म कुनै पनि प्र. अ. तथा वि. व्य. स. अध्यक्षले यसबारेमा तालिम नलिएको अवस्था देखियो भने अभिभावकबाट त यसबारेमा अनविज्ञता नै प्रकट भयो । विद्यालयमा सामाजिक परीक्षणबाट शैक्षिक सुधार गर्न सकिन्छ भन्ने अवधारणा हो भने तालिम, गोष्ठी जनचेतना जस्ता कार्यक्रमहरू सञ्चालन गरेर अघि बढ्नु पर्ने देखिन्छ । अर्को समस्या धेरै विद्यालयहरूले विद्यालय व्यवस्थापनमा स्थानीय समुदायलाई सक्रिय बनाउन नसकेको र सामाजिक परीक्षणका लागि क्षमता अभिवृद्धि कार्यक्रमहरू सञ्चालन गर्न नसकेको देखिन्छ । त्यसैगरी शिक्षामा राजनीतिकरण हुनु, आफ्नो पक्षका प्र. अ. भएमा सामाजिक परीक्षण कडाईका साथ नगर्नु, विपक्षी प्र. अ. र शिक्षक भएमा पूर्वाग्राही भएर आलोचना गर्नु यो एउटा प्रमुख समस्या हो । प्रधानाध्यापक र शिक्षकबीच, वि. व्य. स.  र प्र. अ. बीचको द्वन्दले सामाजिक परीक्षणलाई प्रभाव पारेको देखिन्छ । सबै   प्र. अ. हरुमा लेखा राख्ने सीपको कमिले गर्दा आर्थिक पारदर्शितालाई समुदाय समक्ष प्रस्ट्याउन अप्ठ्यारो परेको अवस्था देखिन्छ । सामाजिक परीक्षण गर्दा सामाजिक परीक्षण समिति मार्फत नगराई राजनीतिक दलका प्रतिनिधिबाट सामाजिक परीक्षण गराइने हु“दा सामाजिक परीक्षण समितिको भूमिका प्रभावित हुनु अर्को समस्या देखिएको छ ।

### ३.३.२. सम्बन्धित निकायको अनुगमन

विद्यालय सुधार योजना तथा विद्यालयसँग सम्बन्धित सबै पक्षको सुधार गर्ने महत्वपूर्ण पाटो सामाजिक परीक्षण हो । यसले विद्यालय सुधार योजना निरीक्षणका लागि महत्वपूर्ण भूमिका खेलेको हुन्छ । यसको माध्यमबाट विद्यालयको आर्थिक ,भौतिक ,शैक्षिक तथा मानवीय पक्षको सुधार गरेर विद्यालयलाई अगाडि बढाउन सकिने भए तापनि सामाजिक परीक्षणका लागि सम्वन्धित निकायबाट समय समयमा अनुगमन ,रेखदेख ,निरीक्षण तथा नियन्त्रणको कमी

हुनु अर्को प्रमुख समस्या हो । यस सम्बन्धमा विद्यालय व्यवस्थापन समिति , प्रधानाध्यापक, शिक्षक र अभिभावक सबै सँग सोधनी गर्दा एउटै जवाफ थियो कि सम्बन्धित निकायबाट अनुगमन ,सल्लाह सुझाव र सामाजिक परीक्षणसँग सम्बन्धित कुनै जानकारी नदिएको भन्ने कुरा प्रस्ट भयो । त्यसै गरी सामाजिक परीक्षण समितिको संयोजक शिक्षक अभिभावक संघको अध्यक्ष हुन्छ तर उसको भूमिकालाई विद्यालय व्यवस्थापन समितिले कमजोर बनाउने अर्को समस्या हो । यसले सामाजिक परीक्षणलाई ओझेलमा पारेको देखिन्छ ।

### ४.४. सामाजिक परीक्षणलाई प्रभावकारी बनाउने उपायहरुः

सामाजिक परीक्षणका थुप्रै समस्याहरु छन् ती समस्याहरुलाई समाधान गर्न के कस्ता उपायहरु छन् भनी सोधिएका प्रश्नहरुमा विभिन्न उत्तरदाताहरुबाट यस्तो प्रतिक्रिया प्राप्त भयो जसलाई तालिकाबाट प्रस्तुत गरिएको छ ।

तालिका १० : समस्या समाधानका उपायहरु

| क.स | समाधानका उपायहरु | प्र.अ. | वि.व्य.स. अध्यक्ष | शिक्षक | अभिभावक | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | तालिम | २ | २ | २ | ३ | ९ | ३७\|५∞ |
| २ | जरिवाना | • | • | ४ | २ | ६ | २५∞ |
| ३ | अनुगमन | १ | १ | २ | १ | ५ | २०\|८३∞ |
| ४ | गोष्ठी | १ | १ | • | २ | ४ | १६\|६७∞ |
| | जम्मा | ४ | ४ | ८ | ८ | २४ | १००∞ |

*स्रोतः स्थलगत सर्वेक्षण, २०६८*

माथिको तालिकालाई विश्लेषण गर्दा सामाजिक परीक्षणमा देखिएका समस्या समाधानका उपायहरुमा ३७ . ५०० व्यक्तिहरुले सम्बन्धित मानिसहरुलाई तालिमको व्यवस्था गर्नुपर्दछ भन्ने जवाफ पाइयो । सबैजसो प्रधानाध्यापकहरुले तालिममा भागलिने अवसर पाएको देखिएन । शिक्षा कार्यलय तथा स्रोतकेन्द्रले पनि सामाजिक परीक्षण सम्बन्धी तालिम सञ्चालन गरेको देखिदैन । त्यसैगरी २५०० सरोकारवालाहरुले आर्थिक पारदर्शिता नदेखाउने तथा सामाजिक परीक्षणको प्रभावकारी कार्यान्वयन नगर्ने प्र. अ. लाई जरिवाना तथा सजायको व्यवस्था गरिनुपर्दछ भन्ने कुरामा जोड दिएको पाइयो । तर अहिले दण्डहिनता बढिरहेको अवस्थामा सजाय दिएको अवस्था पनि देखिदैन । २०.८४०० सरोकारवालाहरुले सामाजिक परीक्षणको कार्यन्वयन भयो वा भएन भन्ने कुरामा अनुगमन, सुपरीवेक्षण गर्नुपर्दछ भन्ने कुरामा जोड दिएको पाइयो । तर जिल्ला शिक्षा कार्यालय तथा स्रोत केन्द्रबाट समय समयमा अनुगमन तथा निरीक्षण गरेको अवस्था देखिदैन । त्यसैगरी १६.६७०० सरोकारवालाहरुले समय समयमा

गोष्ठी सञ्चालन गरी पुनर्ताजगी गर्नुपर्ने कुरामा जोड दिएको पाइन्छ । जसले गर्दा समाजिक परीक्षण प्रभावकारी हुन जाओस् । तर सामाजिक परीक्षणसँग सम्बन्धित तालिम, गोष्ठी सञ्चालन भएको र त्यसमा भाग लिने मौका नपाएको भन्ने जवाफ प्र. अ. र वि. व्य. स. अध्यक्षबाट पाइयो । तसर्थ केन्द्रीय तहमा जति सुकै राम्रा नीति निर्माण गरेपनि कार्यन्वयन तहमा कसरी प्रयोग गर्ने भन्ने पक्ष ओझेलमा परेपछि राम्रा कार्यक्रमहरु भए तापनि प्रभावकारी हुन सक्दैनन् । प्रधानाध्यापक सबै सरोकारवालहरुको पुल हो उसले हिसाब किताब पारदर्शी राख्नुका साथै शैक्षिक गतिविधिमा ध्यान पुऱ्याउनु जरुरी छ । शिक्षक, अभिभावक, विद्यार्थीहरुसँगको राम्रो सम्बन्ध कायम गरी विद्यालयका कमी कमजोरीहरु पहिचान गरी सुधारात्मक उपायहरुको खेजी गर्न पनि सामाजिक परीक्षण सम्बन्धी तालिमको खा“चो रहेको देखिन्छ ।

माथिका समस्याहरूलाई सुल्झाउनका लागि सरोकारवाला सबैले चासो राख्नु पर्ने देखिन्छ । विद्यालय शिक्षाप्रति सबै अभिभावकको चासो बढाउनु पर्ने देखिन्छ । सामुदायिक विद्यालय हाम्रो हो भन्ने भावनाको विकास गराउनु आवश्यक छ । आधारभूत शिक्षाको पूर्वाधार विकास हुँदै गुणात्मक वृद्धितर्फ उन्मुख गराउदै लानुपर्ने देखिन्छ । विद्यालय मेरो पनि हो, मैले पनि त्यहा“ महत्वपूर्ण भूमिका खेल्नु पर्दछ भन्ने भावनाको विकास गराई विद्यालयको सर्वाङ्गीण विकास गराउन सकियो भने मात्र सामाजिक परीक्षणको भूमिका प्रभावकारी भएको देखिन्छ ।

# परिच्छेद पा‘‘च : प्राप्ति, निष्कर्ष तथा सुझाव

विद्यालय व्यवस्थापनमा समाजिक परीक्षणको प्रभाव हेर्न गरिएको यस अध्ययनबाट निम्न प्राप्ति, निष्कर्ष तथा सुझावहरु प्राप्त भएको छ ।

## 5=1 प्राप्ति

विद्यालयको सामाजिक परीक्षणको विषय वस्तुलाई केलाएर हेर्दा अध्ययन क्षेत्रभित्र प्राप्त भएका कुराहरूलाई यहा“ उतारिएको छ । विद्यालयको जग्गा जमिनमा कुनै विद्यालय अत्यन्त धनी भएको पाइयो भने कुनै विद्यालय जङ्गलका जमिन प्रयोग गरी सञ्चालन भएको अवस्थामा देखिन्छ । धनी विद्यालयका भवन कक्षाकोठा सजावट र फर्निचरको अवस्था राम्रो देखिन्छ  भने आर्थिक रुपमा कमजोर भएका विद्यालयहरूमा भवन कक्षाकोठा निर्माणाधिन अवस्थामा छन् । त्यसैगरी शैक्षिक सामग्रीका् उपलब्धता र प्रयोगको अवस्था मध्यम खालको देखिन्छ । विद्यालयको खानेपानीको अवस्था पनि सामान्य देखिन्छ । विद्यालयमा शौचालयको अवस्थालाई हेर्दा कुनै विद्यालयमा १० वटा शौचालय सञ्चालनमा छन् भने कुनै विद्यालयमा १ वटा मात्र शौचालय निर्मित छ । खेलकुदका लागि चौरको राम्रो व्यवस्था भएको भए तापनि खेलकुदका सामग्रीहरू सामान्य अवस्थामा रहेको देखिन्छ । सबै विद्यालयहरू औसत खुलेको दिन वर्षमा २०२ दिन रहेको छ भने पढाइ भएको मात्र औसत १८३ दिन पाइयो । विद्यालयका शिक्षकहरूको हाजिरी खाता हेर्दा आफ्नो वचत विदाहरूलाई बचाएको देखियो । त्यसैगरी विद्यालय व्यवस्थापन समितिको बैठक वर्षमा औसत ९ पटक बसेको देखिन्छ । विद्यालयमा बढीमा १२ वटा बैठकहरू वर्षमा बसेको देखिन्छ भने कम्तीमा ८ वटा वैठक बसेको  देखिन्छ । त्यसैगरी शिक्षक अभिभावक संघको बैठक बढीमा २ र घटीमा १ पटक वर्षमा बसेको पाइन्छ । विद्यालयमा विद्यालय व्यवस्थापन समिति बढी सक्रिय हुने भएकाले पनि हुन सक्छ, PTA को बैठकमा कमी भएको हुन सक्छ । कतिपय विद्यालयमा निर्णय गरिँदा सामुहिक प्रस्तावहरू माथि

छलफल गरी सामुहिक निर्णय गरिएको पाइयो भने कुनै विद्यालयमा अध्यक्षको एकाधिकार भएको पाइयो । शिक्षक तथा कर्मचारीको संयुक्त वैठक वार्षिक औसत ४ पटक बसेको देखिन्छ । त्यसमा खासगरी शिक्षक तथा कर्मचारीहरूका समस्याहरू तथा शैक्षिक गतिविधिस“ग सम्बन्धित विषयवस्तुहरू छलफल हुने गरेको पाइयो । शैक्षिक सत्र २०६७ को एस. एल. सी. परीक्षामा धीरनाथ संफूल उ.मा..वि. का ८० प्रतिशत रहेको छ भने सिंहदेवी मा. वि. को ४५ प्रतिशत रहेको छ । त्यसैगरी अन्य कक्षाहरूको शैक्षिक उपलब्धी औसतमा ४८ प्रतिशत रहेको देखिन्छ । ४ वटा विद्यालयहरू ग्रामीण क्षेत्रका विद्यालयहरू हुन् । त्यहा“का मानिसहरू आदिवासी तथा जनजातिको बाहुल्य भएको क्षेत्र रहेकोछ । सेवा क्षेत्र भित्रका बालबालिकाहरूको अभिभावकको आर्थिक अवस्था मध्यम तथा कमजोर किसिमको रहेको देखिन्छ । सामुदायिक विद्यालयमा छात्रको भन्दा छात्राहरूको संख्या बढी देखिन्छ । त्यहा“ गएर प्रत्यक्ष अवलोकनबाट पनि त्यही कुराको पुष्टि हुन्छ । त्यसको कारण के हो भनी शिक्षक तथा विद्यार्थीस“ग छलफल गर्दा उनीहरू भन्दछन्, छोराहरूलाई निजी विद्यालयमा पढाएको कारण छोरीहरूको संख्या धेरै भएको हो । सेवा क्षेत्रभित्र अझै कति विद्यार्थीहरूछन् त भनी सोधनी गर्दा गरीब तथा अशिक्षित अभिभावकका छोरा छोरीहरू विद्यालयको सेवाबाट वन्चित छन् । खासगरी मुसहर, बा“तर, डोम जातिका बालबालिकाहरूलाई शिक्षा सम्बन्धी कुनै चासो नभएका कारण पनि उनीहरू विद्यालय सेवाबाट अलग रहन गएका हुन् । त्यस्ता बालबालिकाहरूलाई विद्यालय ल्याउनका लागि राज्यले दिने छात्रवृति, पठ्यपुस्तक, ड्रेस, झोला टाई समेत विद्यालयहरूले वितरण गरेर विद्यालय ल्याउने वातावरण सिर्जना गरेको देखिन्छ ।

## ५.२ निष्कर्ष:

प्रस्तुत “ विद्यालय व्यवस्थापनमा सामाजिक परीक्षणको प्रभाव” शोधकार्यका शिलसिलामा गरिएको अध्ययन, विश्लेषण र सो क्रममा पत्ता लगाएका विषयबस्तुबाट निम्न निष्कर्षमा पुग्न सकिन्छ । नेपालमा हालसालै देखा परेको विद्यालयमा सामाजिक परीक्षण आफ्नो

उद्देश्यअनुसार अघि बढ्न नसकिरहेको अवस्था देखिन्छ । विद्यालयको प्रशासक प्र. अ. तथा व्यवस्थापक व्यक्ति वि. व्य. स. अध्यक्षहरूले समेत यसको बारेमा राम्रो तालिम, प्रशिक्षण तथा गोष्ठीमा सहभागी हुने मौका पाएको अवस्था देखिँदैन । यसका लागि छुट्याएको रकम रु १००० अक्षरेपी एक हजार पनि अपुग भएको देखिन्छ । यस सम्बन्धमा शिक्षा विभाग जि. शि. का. बाट सक्रिय रुपमा चासो व्यक्त नगरेको देखिन्छ ।

यस सम्बन्धमा शिक्षक, अभिभावक तथा विद्यार्थीहरूमा अनविज्ञता रहनु एउटा ठुलो समस्या हो । विद्यालय व्यवस्थापनमा सामाजिक परीक्षणले महत्वपूर्ण भूमिका निर्वाह गर्दछ भन्ने अधिकांश जवाफ पाइए तापनि शिक्षक अभिभावक संघको बैठक न्यून हुनु अर्थात् PTA लाई वि. व्य. स. ले भूमिका कमजोर बनाइदिनु अर्को एउटा समस्या हो । सामाजिक परीक्षणमा लेखा अथवा आर्थिक पक्षलाई मात्र महत्व दिनु र अन्य पक्षहरूलाई गौण विषय बनाउनु पनि सामाजिक परीक्षणको भूमिका निष्प्रभावी पार्नु हो ।

## ५.3 सुझावहरू:

विद्यालय सुधार योजना तथा विद्यालयस“ग सम्बन्धित सबै पक्षको सुधार गर्ने महत्वपूर्ण पाटो सामाजिक परीक्षण यो अध्ययनको विषय हो । यस शोध पत्रको अनुसन्धान गर्ने क्रममा यसका विषय बस्तुहरू वा समस्याहरूलाई केलाउदै समाधान तर्फ सुझाव राख्ने कोसिस गरिएको छ ।

सामाजिक परीक्षण विद्यालयसुधार योजनाको महत्वपूर्ण निरीक्षण हो । यसको सहयोगले विद्यालयलाई चौतर्फी विकास गरेर अगाडि लैजान सकिन्छ । सामाजिक परीक्षणको माध्यमबाट विद्यालयको आर्थिक, भौतिक, शैक्षिक तथा मानवीय पक्षको सुधार गरेर विद्यालयलाई अगाडि बढाउन सकिने भए तापनि सामाजिक परीक्षणका विषयवस्तु भित्र थुप्रै समस्याहरूको समाधान गर्नुपर्ने देखिन्छ । सामाजिक परीक्षण नया“ अवधारणाका साथ विद्यालय सुधार योजनामा

आएको हु"दा यसलाई सरोकारवालाबाट प्राप्त सूचना, जानकारी, तथ्याङ्कका आधारमा विश्लेषण गरी निस्केको प्राप्ति र निष्कर्षलाई आधार बनाई केही सुभावहरु प्रस्तुत गरिएको छ ।

क) विद्यालयको सामाजिक परीक्षण सम्बन्धि निर्देशिका २०६५ ले व्यवस्था गरेको सम्पूर्ण पक्षलाई सफल कार्यन्वयनमा लैजान सम्बन्धित सरोकारवालाहरुलाई तालिम, गोष्ठीको कार्यक्रम सञ्चालन गर्नु पर्ने ।

ख) विद्यालयलाई व्यवस्थित रुपमा सञ्चालन गर्न प्र. अ. तथा वि. व्य. स. अध्यक्षको प्रमुख भूमिका रहने भएको हुनाले सामजिक परीक्षणसँग सम्बन्धि तालिम दिई उनीहरुलाई निपूर्ण बनाउनु पर्ने ।

ग) सामाजिक परीक्षण समिति भनेको शिक्षक अभिभावक संघको अध्यक्षतामा गठन हुने भएकोले शिक्षक अभिभावक संघको गठन वि. व्य. स. सरह क्षमता भएका मानिसहरुलाई समावेश गरी गठन गरिनु पर्ने ।

घ) धेरै विद्यालयहरुमा शिक्षक अभिभावक संघ नाम मात्रको गठन गर्ने र सवै काम वि. व्य. स. ले गर्ने भएको ह"ुदा शि. अ. संघको अधिकार क्षेत्र बारेमा जानकारी गराउनु पर्ने ।

ङ) विद्यालयमा लेखा राख्ने प्र. अ. वा लेखापाललाई हिसाब राख्दा दोहोरो लेखा प्रणालीअनुसार लेखा राख्न लगाउने, उनीहरुमा त्यो सीप नभए तालिमको व्यवस्था गरी दोहोरो लेखा प्रणालीबाट हिसाब किताब राख्ने व्यवस्था गर्ने ।

च) विद्यालयको आर्थिक पारदर्शितालाई प्रस्ट पार्न वा विश्वास लिन सम्भव भए मासिक रुपमा नभए पनि चौमासिक रुपमा आम्दानी र खर्चको विवरण वि. व्य. स. समक्ष पेस गरी पास गर्ने व्यवस्था गर्नुपर्ने ।

छ) राजनीतिक आग्रह र पूर्वाग्रह विद्यालयमा राख्न नहुने आफ्नो पक्षको भए सहुलियत दिने, विपक्षी प्र. अ. भए अनावश्यक दुःख दिने काम गर्न नहुने ।

ज) विद्यालयको वार्षिक कार्यक्रम निर्माण गरी सबै सरोकारवालाहरुले बुझ्ने गरी राख्नु पर्ने ।

झ) समूदाय र विद्यालयबीच सुमधुर सम्बन्ध कायम गर्दै समूदायबाट टाढा रहेका विद्यालयलाई अभिभावकहरुमा अपनत्वको भावना जागृत गराउनु पर्ने ।

ञ) विद्यालयको कुनै पनि काम गर्दा वि. व्य. स., शि. अ. संघ तथा अभिभावक मिली सामुहिक रुपमा कार्य गर्नुपर्ने ।

ट) कुनै पनि विद्यालयको सामजिक परीक्षण आर्थिक वर्ष समाप्त भएपछि भाद्र मसान्त भित्र गर्नुपर्ने व्यवस्था सामाजिक परीक्षण गर्ने सम्बन्धि निर्देशिका(२०६५) ले गरेको हुँदा सोही अनुरुप काम गर्ने ।

ठ) विद्यालयमा हुने कुनैपनि द्वन्दलाई समयमा नै समाधान गरी विद्यालयलाई राम्रो वातावरणमा लैजानु पर्ने ।

ड) विद्यालयको भौतिक व्यवस्था कमजोर भएमा त्यसलाई समाधान गर्न छलफलबाट निकास निकाल्ने ।

ढ) शैक्षिक गुणस्तर वृद्धि गर्नका लागि महत्वपूर्ण पक्ष मानवीय पक्ष अर्थात शिक्षक तथा कर्मचारी भएको हुँदा उनीहरुका गुनासा, माग, तथा समस्याहरु सुन्ने गर्नुपर्दछ र उनीहरुको मनोवल वृद्धि गर्ने खालका उपायहरुको खोजी गर्ने ।

ण)	विद्यालयमा शैक्षिक सामग्रीहरुको व्यवस्था, सिकाइ उपलब्धि वृद्धि गर्ने महत्वपूर्ण पक्ष भएको ह"ुदा सो को व्यवस्था राम्रोसँग गरी पठन पाठन कार्यमा सुचारु गर्न सहयोग गर्ने ।

# सन्दर्भ सामग्री


आचार्य, सुशन र खनाल, मुकुन्दमणी (२०६४), *शिक्षाको वित्तीय अर्थशास्त्र,* काठमाण्डौं : मकालु प्रकाशन ।

कटुवाल, नारायण र थापा, शंकर (२०६६), *सामाजिक कार्यकर्ताहरुका लागि आधारभूत ज्ञान,* मोरङ : ग्रामीण सामुदायिक विकास केन्द्र (RCDC) ।

काफ्ले, वासुदेव र साथीहरु(२०६०), शैक्षिक योजना, काठमाण्डौं : भुँडीपुरान प्रकाशन, बागबजार ।

कोइराला, विद्यानाथ(२०६४), *शैक्षिक व्यवस्थापन र स“गठनात्मक व्यवहार,* काठमाण्डौं : विद्यार्थी पुस्तक भण्डार ।

कोइराला, विद्यानाथ र श्रेष्ठ चन्द्रबहादुर (२०६४), *शैक्षिक व्यवस्थापन र स+गठनात्मक व्यवहार,* काठमाण्डौं : विद्यार्थी पुस्तक भण्डार ।

ढकाल, माधवप्रसाद (२०५६), *शैक्षिक प्रशासन,* काठमाण्डौं : रत्न पुस्तक भण्डार ।

वर्तौला, रामकुमार (२०६५), *संस्थागत विद्यालयहरुमा वित्तीय लगानीको प्रभावकारिता अध्ययन,* शोधपत्र अप्रकाशित कृति (त्रि. वि. केन्द्रीय क्याम्पस एम एड कीर्तिपूर) ।

जिल्ला शिक्षा कार्यलय *(२०६५),विद्यालय अनुदान तथा कार्यक्रम कार्यन्वयन निर्देशिका प्रवोधीकरण* , मोरङ : लेखक ।

शिक्षा विभाग *(२०६१), विद्यालय अनुदान कार्यान्वयन निर्देशिका,* भक्तपुर : लेखक ।

जिल्ला शिक्षा कार्यालय *(२०६४), विद्यालय अनुदान निर्देशिका,* मोरङ : लेखक ।

शिक्षा मन्त्रालय *(२०६४), विद्यालय लेखा व्यवस्था,* काठमाण्डौं : लेखक ।

शिक्षा मन्त्रालय *(२०६५), विद्यालयहरुको सामाजिक परीक्षण (Social Audit )* गर्ने सम्बन्धी निर्देशिका, काठमाण्डौं : लेखक ।

शिक्षा मन्त्रालय (२०६६), विद्यालय क्षेत्रसुधार योजना, काठमाण्डौं : लेखक ।

जिल्ला शिक्षा कार्यालय *(२०६५), सामाजिक परीक्षण निर्देशिका,* मोरङ : लेखक ।

श्रेष्ठ, कुलनरसिहं(२०६४), *व्यावहारिक लेखा परीक्षण,* काठमाण्डौं : नवीन प्रकाशन, ।

प्रसाईं, गणेशकुमार(२०६६), *सामुदायिक प्राथमिक विद्यालयहरुमा आर्थिक स्रोत व्यवस्थापन प्रक्रिया,* शोधप्रत्र (अप्रकाशित कृति) सुकुना बहुमुखी क्याम्पस, एम एड, मोरङ ।

*शर्मा, दीपक (२०६८), विद्यालय क्षेत्र सुधार योजना* एजुकेशनल पेजेज काठमाण्डौं : शिक्षा मन्त्रालय ।

तामाङ, गोविन्दमान (२०६६), *सामूदायिक विद्यालयहरुमा आर्थिक पारदर्शिताका लागि सामाजिक परिक्षण,* शोध पत्र (अप्रकाशित कृति) सुकुना बहुमखी क्याम्पस एम एड : मोरङ ।

झा, नन्दकिशोर (२०६८), *समाजिक परीक्षणले सामुदायिक विद्यालयहरुको व्यवस्थापनमा पारेको प्रभाव,* शोध पत्र ( अप्रकाशित कृति) सुकुना बहुमुखी क्याम्पस एम एड : मोरङ ।

# विद्यालय व्यवस्थापनमा सामाजिक परीक्षणको प्रभाव
## अनुसूची १
## विद्यालय व्यवस्थापन समितिका अध्यक्षकालागि प्रश्नावली

विद्यालयको नाम .................. ............... ठेगाना
वि. व्य. स. अध्यक्षको नामः ............ ठेगाना

१) सामाजिक परीक्षणको बारेमा यहाँको सङ्क्षिप्त धारणा व्यक्त गरिदिनु हुन अनुरोध गर्दछु।
उत्तरः ..........................................................................................
२) विद्यालय व्यवस्थापन समितिले यस सम्बन्धमा के कस्तो योजना बनाउने गरेको छ ?
उत्तरः ..........................................................................................
३) सामाजिक परीक्षणका सम्बन्धमा कुनै प्रकारको तालिम गोष्ठी आदिमा भाग लिने मौका प्राप्त भएको छ ?
उत्तरः ..........................................................................................
४) यहाँको विद्यालयमा सामाजिक परीक्षण कसरी गर्ने गर्नु भएको छ ? बताइ दिनुहुन्छ कि ?
उत्तरः ..........................................................................................
५) विद्यालयमा सामाजिक परीक्षण गर्दा यहाँको भूमिका कस्तो रहने गरेको छ ?
उत्तरः ..........................................................................................
६) सामाजिक परीक्षणले विद्यालयको व्यवस्थापनमा कस्तो प्रभाव पारेको देख्नु भएको छ ?
उत्तरः ..........................................................................................
७) सामाजिक परीक्षण गर्नका लागि प्र. अ. बाट तपाईले कस्तो किसिमको सहयोग प्राप्त गर्नु भएको छ ?
उत्तरः ..........................................................................................
८) विद्यालयलाई सामाजिक परीक्षणको माध्यमबाट पारदर्शी बनाएर लैजान तपाईको सुझाव केही छ ?
उत्तरः ..........................................................................................
९) विद्यालयमा गरिएको सामाजिक परीक्षणबाट समस्याको पहिचान भएको पाउनु भयो ? समस्या समाधानमा यसले कस्तो सहयोग पुऱ्याएको पाउनु भएको छ ?
उत्तरः ..........................................................................................
१०) सामाजिक परीक्षणमा देखिएका समस्या समाधानका उपायहरु के कस्ता छन् ?
उत्तरः ..........................................................................................

# विद्यालय व्यवस्थापनमा सामाजिक परीक्षणको प्रभाव
# अनुसूची २

## प्र. अ. कालागि प्रश्नावली

विद्यालयको नाम ठेगाना
प्र. अ. को नामः ठेगाना
योग्यता तालिम अनुभव वर्ष

१) सामाजिक परीक्षणको बारेमा यहाँको संक्षिप्त धारणा व्यक्त गरिदिनु हुन अनुरोध गर्दछु ।
उत्तरः ...................................................................................................
२) विद्यालयमा सामाजिक परीक्षण भन्नाले के बुझ्नुभएको छ ?
उत्तरः ...................................................................................................
३) सामाजिक परीक्षणका सम्बन्धमा कुनै प्रकारको तालिम गोष्ठी आदिमा भाग लिने मौका प्राप्त भएको छ ?
उत्तरः ...................................................................................................
४) यहाँको विद्यालयमा सामाजिक परीक्षण कसरी गर्ने गर्नु भएको छ ?
उत्तरः ...................................................................................................
५) समाजिक परीक्षणले विद्यालय व्यवस्थापनमा कस्तो प्रभाव पारेको देख्नु भएको छ ?
उत्तरः ...................................................................................................
६) सामाजिक परीक्षणका लागि विद्यालयमा छुट्याइएको रकम पर्याप्त छ कि छैन?
उत्तरः ...................................................................................................
७) सामाजिक परीक्षण गर्न वि. व्य. स., शिक्षक अभिभावक संघ लगायतका व्यक्तिहरुबाट के के सहयोग प्राप्त गर्नुभएको छ ?
उत्तरः ...................................................................................................
८) विद्यालयलाई सामाजिक परीक्षणको माध्यमबाट पारदर्शी बनाएर लैजान तपाईको सुझाव केही छ ?
उत्तरः ...................................................................................................
९) सामाजिक परीक्षणमा देखिएका समस्या समाधानका उपायहरु के कस्ता छन् ?
उत्तरः ...................................................................................................

# विद्यालय व्यवस्थापनमा सामाजिक परीक्षणको प्रभाव
## अनुसूची ३

## अभिभावककालागि प्रश्नावली

विद्यालयको नाम ठेगाना
अभिभावकको नामः ठेगाना
विद्यार्थीको नाम

१) यस विद्यालयमा अध्ययनरत तपाईका छोराछोरीहरुको संख्या कति छ ?
उत्तरः ..........................................................................................
२) तपाईंले विद्यालयलाई कुन प्रकारको सहयोग गर्नु भएको छ ?
उत्तरः ..........................................................................................
३) यो विद्यालयमा मौजुदा आर्थिक, भौतिक, मानवीय, तथा शैक्षिक व्यवस्थापनको बारेमा छोट्करीमा बताई दिनु हुन्छ कि ।
उत्तरः ..........................................................................................
४) विद्यालयमा गरिने सामाजिक परीक्षण भन्नाले के बुझ्नु भएको छ ?
उत्तरः ..........................................................................................
५) यो विद्यालयमा समाजिक परीक्षण कसरी गरिन्छ ?
उत्तरः ..........................................................................................
६) विद्यालयको आय व्यय विवरणको प्रस्तुति कसरी गरिन्छ ?
उत्तरः ..........................................................................................
७) प्र. अ. तथा वि. व्य. स. ले गरेका निर्णय तथा कामप्रति तपाईको प्रतिक्रिया कस्तो रहेको छ ?
उत्तरः ..........................................................................................
८) विद्यालयलाई सामाजिक परीक्षणको माध्यमबाट पारदर्शी बनाएर लैजान तपाईको सुझाव केही छ ?
उत्तरः ..........................................................................................
९) सामाजिक परीक्षणमा देखिएका समस्या समाधानका उपायहरु के कस्ता छन् ?
उत्तरः ..........................................................................................

# विद्यालय व्यवस्थापनमा सामाजिक परीक्षणको प्रभाव

अनुसूची ४

## शिक्षककालागि प्रश्नावली

शिक्षकको नाम ठेगाना
योग्यता तालिम अनुभव वर्ष
विद्यालयको नामः ठेगाना

1= यस विद्यालयको विकासका लागि तपाईले कस्तो किसिमको सहयोग गर्नु भएको छ ?
उत्तरः ..........................................................................................

2= यस विद्यालय व्यवस्थापनको बारेमा कतिको जानकारी राख्नु हुन्छ?
उत्तरः ..........................................................................................

3= यो विद्यालयमा प्राप्त हुने आम्दानीको स्रोतहरु के के छन् बताई दिनुहुन्छ कि ?
उत्तरः ..........................................................................................

4= विद्यालयमा हुने सामाजिक परीक्षण भन्नाले के बुझ्नु भएको छ ?
उत्तरः ..........................................................................................

5= यो विद्यालयमा समाजिक परीक्षण कसरी गरिन्छ ?
उत्तरः ..........................................................................................

6= सामाजिक परीक्षणले विद्यालय व्यवस्थापन सुधारमा कस्तो प्रभाव पारेको देखिन्छ ?
उत्तरः ..........................................................................................

7= तपाइँको विद्यालयको प्र. अ.ले सामाजिक परीक्षण कसरी गराउनु हुन्छ ?
उत्तरः ..........................................................................................

8= विद्यालयमा वि. व्य. सं, शिक्षक अभिभावक संघ तथा प्र. अ. बीच कस्तो सम्बन्ध रहेको देख्नु भएको छ ?
उत्तरः ..........................................................................................

9= विद्यालयको समाजिक परीक्षणले कुन कुन पक्षलाई समेटेको छ ?
उत्तरः ..........................................................................................

10= सामाजिक परीक्षणको बारेमा यहाँको सङ्क्षिप्त धारणा व्यक्त गरिदिनु हुन अनुरोध गर्दछु ।
उत्तरः ..........................................................................................

११) सामाजिक परीक्षणमा देखिएका समस्या समाधानका उपायहरु के कस्ता छन् ?
उत्तरः ..........................................................................................

# विद्यालय व्यवस्थापनमा सामाजिक परीक्षणको प्रभाव
## अनुसुची ५

## नमूना छनौटमा परेका विद्यालयको विवरण

| क.स. | विद्यालयको नाम | ठेगाना |
|---|---|---|
| ०१ | श्री धीरनाथ सम्फूल विश्वास उच्च माध्यमिक विद्यालय | डा“गीहाट १ मोरङ |
| ०२ | श्री सिंहदेवी मा. वि. | केरौन १ मोरङ |
| ०३ | श्री सुकुना नि. मा. वि. | बाहुनी ९ मोरङ |
| ०४ | श्री जनता प्राथमिक विद्यालय | करौन १ मोरङ |

# विद्यालय व्यवस्थापनमा सामाजिक परीक्षणको प्रभाव
# अनुसूची ६

## उत्तरदाताहरुको नामावली

| क.सं. | सरोकारवालाहरुको नाम | पद | विद्यालय |
|---|---|---|---|
| १ | दालबरलाल राजवंशी | वि.व्य.स. अध्यक्ष | धीरनाथसंफूल विश्वास उ.मा.वि. डांगीहाट १ मोरङ |
| २ | दास बा. श्रेष्ठ | प्र. अ. | धीरनाथसंफूल विश्वास उ.मा.वि. डांगीहाट १ मोरङ |
| ३ | कृष्णराज गुरुङ | शिक्षक | धीरनाथसंफूल विश्वास उ.मा.वि. डांगीहाट १ मोरङ |
| ४ | पूर्णप्रसाद कोइराला | शिक्षक | धीरनाथसंफूल विश्वास उ.मा.वि. डांगीहाट १ मोरङ |
| ५ | प्रदिपकुमार राजवंशी | अभिभावक | धीरनाथसंफूल विश्वास उ.मा.वि. डांगीहाट १ मोरङ |
| ६ | सोमप्रसाद गुरागाइँ | अभिभावक | धीरनाथसंफूल विश्वास उ.मा.वि. डांगीहाट १ मोरङ |
| ७ | तिलक खड्का | वि.व्य. स. अध्यक्ष | श्री सिंहदेवी मा. वि. केरौन १ मोरङ |
| ८ | नरहरी निरौला | प्र. अ. | श्री सिंहदेवी मा. वि. केरौन १ मोरङ |
| ९ | धर्मराज थापा | शिक्षक | श्री सिंहदेवी मा. वि. केरौन १ मोरङ |
| १० | दौलत रिजाल | शिक्षक | श्री सिंहदेवी मा. वि. केरौन १ मोरङ |
| ११ | वीरेन्द्र श्रेष्ठ | अभिभावक | श्री सिंहदेवी मा. वि. केरौन १ मोरङ |
| १२ | रत्न राई | अभिभावक | श्री सिंहदेवी मा. वि. केरौन १ मोरङ |
| १३ | भक्त ब. गुरुङ | वि.व्य.स. अध्यक्ष | श्री सुकुना नि. मा. वि बाहुनी ९ मोरङ |
| १४ | शोभाकान्त चौधरी | प्र. अ. | श्री सुकुना नि. मा. वि बाहुनी ९ मोरङ |
| १५ | छगनलाल तिम्सिना | शिक्षक | श्री सुकुना नि. मा. वि बाहुनी ९ मोरङ |
| १६ | बालकृष्ण भट्टराई | शिक्षक | श्री सुकुना नि. मा. वि बाहुनी ९ मोरङ |
| १७ | शर्मिला लिम्बू | अभिभावक | श्री सुकुना नि. मा. वि बाहुनी ९ मोरङ |
| १८ | सुभद्रा घिमिरे | अभिभावक | श्री सुकुना नि. मा. वि बाहुनी ९ मोरङ |
| १९ | लोकबहादुर अधिकारी | वि.व्य.स. अध्यक्ष | श्री जनता प्रा. वि. केरौन १ मोरङ |
| २० | यमनाथ कट्टेल | प्र. अ. | श्री जनता प्रा. वि. केरौन १ मोरङ |
| २१ | धनलक्ष्मी राई | शिक्षक | श्री जनता प्रा. वि. केरौन १ मोरङ |
| २२ | विमला कट्टेल | शिक्षक | श्री जनता प्रा. वि. केरौन १ मोरङ |
| २३ | मिलन राई | अभिभावक | श्री जनता प्रा. वि. केरौन १ मोरङ |
| २४ | श्याम राई | अभिभावक | श्री जनता प्रा. वि. केरौन १ मोरङ |